कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ४१ (संयुक्तांक २९५) ने. सं. ११३७ बछलाथ्व पुन्हि बुधवा: २०७४ वैशाख २७ गते बुधवार (May10, 2017) मूल्य रु.१०/- पृष्ठ २८

## देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
### कीर्तिपुर नगरपालिका



मेयर पदका उम्मेद्वार
शारदा महत (महर्जन)

चमेरो 
चुनाव चिन्ह

*राष्ट्रियता, जनतन्त्र र जनजिविका हाम्रो मुद्दा!*
*आत्मनिर्भर अर्थतन्त्र, भ्रष्टाचारमुक्त र*
*सफा समृद्ध नगर निर्माण हाम्रो अभियान!!*

देजमोका स्वतन्त्र मेयर, उप–मेयर, वडा अध्यक्षहरु
र सम्पूर्ण सदस्य उम्मेदवारहरुलाई
मतदान गरी अत्यधिक मतले विजयी गराऔं ।



उप–मेयर पदका उम्मेद्वार
रमेश कमार महर्जन

आँखीझ्याल 
चुनाव चिन्ह



वडा नं. ३ अध्यक्ष पदका उम्मेद्वार
सुर्य बहादुर मानन्धर



वडा नं. ६ अध्यक्ष पदका उम्मेद्वार
दिनेश महर्जन



वडा नं. ७ अध्यक्ष पदका उम्मेद्वार
केदार थापा



वडा नं. ९ अध्यक्ष पदका उम्मेद्वार
रत्न बहादुर महर्जन



वडा नं. १० अध्यक्ष पदका उम्मेद्वार
महेन्द्र महर्जन



# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कीर्तिपुर नगरपालिका प्रतिवद्धता-पत्र







**कीर्तिपुर नगर पालिकाको बजेटबाट आगामी दुई वर्ष खानेपानीलाई विषेश प्राथमिकता दिईने छ, नगरवासीको प्रत्येक घर घरमा स्वच्छ खानेपानी पुऱ्याउने हाम्रो प्रतिवद्धता । जलाधार घोषणा गरिएका क्षेत्रलाई संरक्षण गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।**

आदरणीय नगरका जनसमुदाय,

नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल (देजमो) देशैभरी आसन्न स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीति सहित चुनावको मैदानमा उत्रेको छ । देशको राष्ट्रिय स्वाधीनताको रक्षा, आन्तरिक राष्ट्रियता, जनतन्त्र र जनजीविकालाई संकटमय बनाउँदै देश र जनतालाई दुर्दशामा पुऱ्याउने काम मूल रुपमा काँग्रेस, एमाले, माओवादी-केन्द्र र राप्रपाबाट हुँदै आएका छन् । यी दलहरुलाई पटक पटक पहिलो/दोस्रो पार्टी बनाएका छौ तर हामी संकटग्रस्त हुनु बाहेक केही भएका छैनौं । जनतासंग विकल्प छैन र ठुला पार्टीलाई भोट हाल्नु पर्ने नियति जस्तो बनेको छ । तर हामीसंग विकल्प छ, जनता इतिहासका निर्माता हुन र जनताले सही निर्णय गर्ने हो भने चुनावमा आउने मत परिणामलाई उल्टाउन सकिन्छ ।

त्यसैले आफूले आफैलाई विश्वास गरि सहि विचार, र म्रो पार्टी, प्रभावकारी रुपमा नीति तथा कार्यक्रमलाई लागु गर्न सक्ने इमान्दार नेता (स्वतन्त्र उम्मेदवार भए पनि) लाई जिताउन सहि हुनेछ र हामी एउटा विकल्पको रुपमा उभिएका छौं । देशमा विद्यमान समस्याहरु हल गर्न संघीय जनगणतान्त्रिक संविधान निर्माण गर्नुपर्ने वास्तविकता हो । शान्तिपूर्ण र जनताको मतबाट आमूल परिवर्तन गर्न नपाउने अवस्थामा नयाँ जनवादी क्रान्ति गर्नु बाहेक अर्को विकल्प रहने छैन ।

हाम्रो देजमोका उम्मेदवारहरुले कीर्तिपुर नगरपालिकामा विजय प्राप्त गरेमा देजमोको केन्द्रीय घोषणा पत्रमा उल्लेखित विषयहरुको कार्यान्वयन गर्नुका साथै नगरपालिकामा तुरुन्त पहल लिइने विषयहरु निम्न रहने छन् ।

१. कीर्तिपुर नगर पालिकाको बजेटबाट आगामी दुई वर्ष खानेपानीलाई विषेश प्राथमिकता दिईने छ, नगर वासीको प्रत्येक घर घरमा स्वच्छ खानेपानी पुऱ्याउने हाम्रो प्रतिवद्धता । जलाधार घोषणा गरिएका क्षेत्रलाई संर क्षण गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

२. नगरपालिका र जनता विचको सम्बन्ध सरल, सुदृढ बनाउने ।

३. नगरपालिकामा प्रशासनिक, प्राविधिक, परि चालन र समन्वयका समस्याहरुको हल गर्ने ।

४.नगरपालिकामा हुने अनियमितता, अपारदर्शीता, भ्रष्टाचार, कमिशनतन्त्र र कर्मचारीतन्त्रको निषेध गर्ने । जनताका कर्मचारीलाई पुरस्कृत गर्ने, कर्मचारी तलब, भत्तामा बृटि गराउन पहल गर्ने ।

५. रातो किताव र सर कारी निकायमा दर्ज भएका र पारित भएका योजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

६. खानेपानी, ढल निकास, सडक विस्तार, विजुली र फाइबर लाईन एकिकृत रुपमा सम्बन्धित निकायसंग समन्वय गरी व्यवस्थित बस्ति निर्माण गर्ने प्रयत्न गर्ने । साथै पोखरी, खुल्लाचोक र पार्कको लागि ध्यान दिने ।

७. फोहर व्यवस्थापनमा नगरपालिकाको पूर्ण दायित्वलाई स्वीकार्दै नगर वासीको सहभागिता र लगानीलाई पनि सुनिश्चित गर्ने ।

८. नगरका चोक चोकमा सार्वजनिक निशुल्क शौचालयको व्यवस्था गर्ने ।

९.स्वास्थ्य, शिक्षा र रोजगार जनताको नैशर्गिक अधिकारका रुपमा लिईने छ । आर्थिक रुपमा विपन्न परिवारका लागि निशुल्क स्वास्थ्य उपचार तथा निशुल्क शिक्षा प्रदान गर्न ठोस कार्यक्रम ल्याउने । सामुदायिक स्कूललाई विशेष प्राथमिकता दिइने छ। स्वास्थ्य र शिक्षालाई सेवाको भावले हेर्ने र नगरपालिकाको दायित्व भित्र पारिने छ । तत्कालका लागि मनपरी शुल्क लिने र सुविधामा हेलचेक्रयाई गर्नेलाई अनुगमन गरि आवश्यक कार्यवाही गर्ने । नगरमा रोजगारीको सृजना गरी आवश्यक कार्यक्रम ल्याई बेरोजगार मुक्त नगरको रुपमा चिाउने । रोजगारीका लागि आवश्यकता अनुसार का विभिन्न सीपमुलक तालिमहरु संचालन गर्ने । रोजगार प्राप्त नगर्दासम्म उचित बेरोजगारी भत्ता उपलब्ध गराउने ।

१०.साना तथा मझौला लगानीकर्ता र राष्ट्रिय पुँजीपतिले संचालनमा ल्याएको उद्योग, व्यापार र व्यवसाय धरासायी हुने अवस्था भएमा सोलाई मिनाहा वा पुर्नउत्थान गरि संरक्षण गर्ने ।

११. ३००% प्रतिशतले बढाएको घर जग्गा कर लगायत अन्य अवैज्ञानिक कर प्रणाली खारेज गर्दै वैज्ञानिक कर प्रणाली लागु गरिने छ । करको दायरालाई फराकिलो बनाइने छ ।

१२. भ्रष्टाचारी, कालाबजारी,कमिशनखोर र तस्करहरुको पहिचान गरि कारवाही गर्न आवश्यक कार्यक्रमको तर्जुमा गरिने छ । त्यसको साथै जलमाफिया र भूमाफियालाई निरुत्साहित गर्ने नीति दिइने छ ।

१३. कालोबजारी,महंगीको अन्त्य गरी दैनिक उपभोग्य सामाग्रीहरुको आपूर्ति गरी वैज्ञानिक वितरण सहित सरल र सुलभ बनाउने । यसका लागि नगरका बजारलाई उचित व्यवस्थापन र अनुगमन गर्ने ।

१४. यस नगरमा रहेको बेनिस्सा, स्ववासी, दर्ता बाँकी जग्गाको अविलम्ब जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने ।

१५. बागमती लगायत अन्य खोलामा तत्बन्धहरु निर्माण गरी नदी कटानलाई रोकी करीडोरको ब्यवस्था गरिने छ ।

१६. ट्राफिक जाम नियन्त्रण गर्न ट्राफिकसँग समन्वय गरी सडक अतिक्रमण र सवारी साधन संचालनको उचित नियम तथा ऐन निर्माण गर्ने । नगर पालिकाका केहि वडाहरुमा यातायातको पहुँच बनाउन विशेष योजना बनाउने ।

१७. नगरभित्रका भूकम्प पीडितहरुका हकमा नगर पालिकाले आफ्नो श्रोत र साधनको थप परिचालन गरेर यथासिघ्र जनताका आवास भवन निर्माण सम्पन्न गर्ने ।

१८. नगरलाई यसको विशेषता अनुरुप सम्पदायुक्त साँस्कृकि सहर निर्माण गर्ने र पर्यटन तथा व्यापारिक केन्द्र बनाउन यहाँका ऐतिहासिक मठ मन्दिर, गुम्बा तथा बिहार, खोला, ताल, पोखरी र ऐतिहासिक स्थलको संरक्षण गर्ने ।

१९. भूकम्पले क्षति पुऱ्याएका अव्यवस्थित तथा छरिएर रहेका वस्तीहरुलाई एकीकृत सघन बसोबासका लागि सघन बस्ती विकास कार्यक्रम संचालन गरिनेछ । अव्यवस्थित तथा छरिएर रहेका बस्तीहरुलाई एकीकृत सघन बसोवासका लागि सघन वस्ती विकास कार्यक्रम ल्याइनेछ । प्रत्येक टोलमा भूकम्पमैत्री खुल्ला क्षेत्र निर्माण गरिनेछ ।

२०. नगरमा नेपालभाषालाई कामकाजी र पठनपाठनको भाषा बनाउने ।

२१. बालबालिका, बृद्ध, शारीरिक रुपमा असक्षम र एकल महिलाहरुका लागि आवश्यक सामाजिक सुरक्षा प्रदान गर्ने । साथै अपांग मैत्री शहर बनाउने ।

२२. नगरका तीन वटा आखाः छैं बनाउने, वृद्धाहरुको लागि बृद्ध आश्रम र स्याहार केन्द्रको निर्माण गर्ने ।

२३. जग्गा प्लटिङलाई निरुत्साहित गर्ने गरी वैज्ञानिक भूउपयोग नीति अनुसार नगरभित्र रहेका जमिनको उचित ढंगले सदुपयोग गर्ने ।

२४. नगरमा खेलकुद विकासका लागि खेलकुद विभाग बनाई वार्षिक खेलकुद कार्यक्रम तर्जुमा गर्ने र आवश्यक खेलकुद मैदान कभर्डहल लगायत आवश्यक पूर्वाधार निर्माण गर्ने । यसका लागि बजेटको विन्यास गर्ने ।

२५. कीर्तिपुर नगरलाई छुवाछुट मुक्त नगर घोषणा गर्ने ।

२६. महिला स्वयंसेविकाहरुलाई उचित भत्ताको व्यवस्था गर्ने ।

२७. नगरका प्रत्येक वडा वडामा सुझाव पेटिका राखी गुनासो र सुझाव संकलन गरिने छ ।

माथि उल्लेखित विषयहरु इमान्दारीतापूर्वक लागू गरी जनताको सेवा गर्न तथा संघीय जनगणतान्त्रिक संविधान निर्माण गर्न जनगणतान्त्रिक संविधान निर्माण गर्न देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरुलाई विजयी गराउन सम्पूर्ण नगर का मतादाताहरुमा हार्दिक अनुरोध गर्दछौं ।

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ४१ (संयुक्तांक २९५) ने. सं. ११३७ बछलाथ्व पुन्हि बुधवा: २०७४ बैशाख २७ गते बुधवार (May10, 2017) मूल्य रु.१०/- पृष्ठ २८

# मेयर पदमा जित्ने सबैको आ आफ्नै दावी

**कीर्तिपुर सन्देश साप्ताहिक**

आउदो बैशाख ३१ गते हुन गइरहेको स्थानीय तहको चुनावका सन्दर्भमा कीर्तिपुरमा १५ जनाले मेयर पदमा उम्मेदवारी दिएकोमा एकजनाले अन्तिम समयमा आएर मौन बस्ने घोषणा गरेका कारण १४ जना वीच प्रतिस्पर्धा हुने देखिन्छ। कीर्तिपुर नगरपालिकामा मेयर पदमा दुई जना महिलाहरु स्वतन्त्र चुनाव चिन्ह लिएर उम्मेदवार बनेका छन्। जस मध्ये देशभक्त जनगणतान्त्रिक मोर्चावाट शारदा महत(महर्जन) र गान्धीवादी पार्टीवाट शान्ति महर्जनले उम्मेदवारी दिएका थिए।

कीर्तिपुरमा चुनावी गतिविधि गर्ने क्रममा विशेष गरि कांग्रेस, एमाले, माओवादी केन्द्र, नयाँ शक्ति संघीय समाजवादी र राप्रपाले तिब्रता दिएका छन्।

गत २०७० सालको संविधानसभाको दोस्रो चुनावमा कीर्तिपुर नगरपालिका भित्र नेपाली कांग्रेसले ८८१५ मत प्राप्त गरि प्रथम स्थान हासिल गरेको थियो भने माओवाद केन्द्रले ६४६५ मत प्राप्त गरेको थियो त्यसै गरि एमालेले ५३७० मत प्राप्त गरेको थियो।



राजकुमार नकर्मी
नेपाली कांग्रेस



रमेश महर्जन
नेकपा एमाले



हिराबहादुर महर्जन
माओवादी केन्द्र



धुब महर्जन
संघीय समाजवादी/नयाँ शक्ति नेपाल



बच्चुराम श्रेष्ठ
राप्रपा

यहि मतको आधारमा नेपाली कांग्रेसले आफू जित्ने दावी गर्दै आएको छ। कांग्रेसको तर्फवाट मेयरका प्रत्यासी राजकुमार नकर्मी लामो समयदेखि राजनीतिमा संलग्न रहि हरेक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको र लामो समयदेखि कीर्तिपुर नगरपालिकामा प्रतिनिधित्व गर्दै आइरहेका कारण उहाँलाई मत दिइ कीर्तिपुरवासीले विजयी गराउने कांग्रेसले आशा गरेको छ।

तर माओवादी केन्द्रले तत्कालिन अवस्थामा कीर्तिपुरमा बैद्य माओवादीले प्रचण्ड हराउ अभियान संचालन गरेका कारण उनीहरुको मत पनि नेपाली कांग्रेसमा खसेको दावी गरेको छ। हाल बैद्य माओवादीका कार्यकर्ताहरु माओवादी केन्द्रमा संलग्न भइसकेको र अहिले मेयरका उम्मेदवार हिराबहादुर महर्जन कीर्तिपुरको हरेक क्षेत्रमा संलग्न रही समाजसेवा गर्दै आउनु भएका र पञ्चायतकाल देखि नै गाविस अध्यक्ष, वडा अध्यक्ष भई काम गरिसकेको अनुभवी र कीर्तिपुरवासीमा चीर परिचित शालिन स्वभावको कारण र वर्तमानमा सिंहदरवारको अधिकार स्थानीय तहमा पुऱ्याएको र देशलाई लोडसेडिङ मुक्त बनाएको कारणले जनताले आफ्नो पार्टीलाई विजय गराउने दावी गर्दै आएको छ।

उता एमालेले भने २०५४ सालको चुनावमा कीर्तिपुर नगर पालिकामा मेयर उपमेयर सहित १९ वडा मध्ये १० वटा वडामा विजय हासिल गरेको थियो। ७० सालको चुनावमा प्रचण्ड हराउ अभियान चलाउदा एमालेका कतिपय मतदाताहरुले पनि जित्ने उम्मेदवारलाई भोट दिने भनी कांग्रेसलाई मत दिएको बताउदै वर्तमान स्थितिमा मेयरका प्रत्यासी रमेश महर्जन विगत लामो समयदेखि शैक्षिक, आर्थिक, समाजिक र खेलकुद क्षेत्रमा काम गर्दै आइरहनु भएकोले उहाँ कीर्तिपुरवासीहरुवीच चीर परिचित हुनुहुन्छ। त्यसैले उहाँलाई कीर्तिपुरवासीले मत दिई विजयी गराउने एमालेले आशा गरेको छ।

त्यस्तै संघीय समाजवादी नयाँ शक्तिको तर्फवाट मेयर पदका प्रत्यासी ध्रुब महर्जनले गत २०६२ सालको स्थानीय चुनावमा अत्याधीक मत ल्याइ कीर्तिपुर नगरपालिकाको मेयर पदमा विजयी हासिल गरेका थिए। सो समयमा ५८ दिन नगर पालिकामा बस्दा छोटो अवधिमा नै जनपक्षिय काम गर्न सफल भएको कीर्तिपुरवासीहरुले विर्सेको छैन र त्यसपछि पनि कीर्तिपुरवासीको हरेक समस्यामा सहयोग गर्दै आइरहेका कारण जनताले आफूलाई विजयी बनाउने उहाँले दावी गर्नु भएको छ। उता राप्रपाका मेयर प्रत्यासी बच्चुराम श्रेष्ठले पनि आफ्नो पार्टीको हिन्दू राज्य र संवैधानिक राजतन्त्र नारालाई नेपाली जनताले मन पराउन थालेका कारण आफू जित्ने दावी गर्दै आएका छन्।



**कानुनी सल्लाहकार**
**ज्ञानबहादुर महर्जन**
**प्रकाशक**
**नजरराम महर्जन**
**(९८४१४०१०७७)**
**सम्पादक**
**श्रीकृष्ण महर्जन**
**प्रवन्धक**
**निरजमान सिंह**

व्यवस्थापन
**भरत महर्जन**
**वेभसाइट व्यवस्थापन**
**राज श्रेष्ठ**
प्रेसः **शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं**
कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
**फोन नं.: ४३३३००७**
**kirtipur_sandesh@live.com**
http://kirtipursandesh.blogspot.com
**काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८**

## सम्पादकीय

# चुनावी प्रतिबद्धता

**स्थानीय तहको चुनाव भएतापनि हरेका पार्टीको केन्द्रवाट चुनावी घोषणा पत्र राष्ट्रिय स्तरको जारी गर्नुका साथै स्थानीय स्तरवाट पनि आ आफ्नै प्रतिबद्धता पत्र जारी गरेका छन् । कीर्तिपुर नगरपालिकामा पनि प्रायः सबै राजनीतिक दलदेखि स्वतन्त्र उम्मेदवार सम्मले स्थानीय तहको प्रतिबद्धता पत्र जारी गरेका छन् ।**

**जस्मा प्रायः जसो सबै पार्टीहरुले प्रतिबद्धता जनाएकोमा कीर्तिपुरको खानेपानी, सरसफाईको समस्या समाधान गर्ने प्रतिवद्धता जाहेर गरेका छन । त्यस्तै स्थानीय भाषालाई नगर पालिकामा दोस्रो भाषाको रुपमा प्रयोगमा ल्याउने, पुरातात्विक सांस्कृतिक सम्पदाहरुको संरक्षण संबर्द्धन गरी पर्यटकीय नगर को रुपमा विकास गर्ने, शैक्षिक गुणस्तर बृद्धि गर्ने, बाह्र कक्षासम्म निशुल्क शिक्षा उपलब्ध गराउने, ५ वर्षभित्रमा कीर्तिपुरलाई पूर्ण साक्षर नगर बनाउने, ज्येष्ठ नागरिकहरुको आर्थिक बृत्ति उकास्न सहयोग गर्ने, बृद्धाश्रम निर्माण गर्ने, वन क्षेत्रको संरक्षण गरी हरियाली नगर बनाउने, युवा स्वरोजगार कार्यक्रम ल्याई युवाहरुलाई विदेशिनबाट रोक्ने, भुकम्प पिडीतहरुको लागि बढीभन्दा बढी आर्थिक सहयोग जुटाउने, भूकम्पले क्षतिग्रस्त घरको नक्सा पास निशुल्क बनाउने, नगरपालिकाले उपलब्ध गराएको डिजाइनमा घर बनाउनेलाई १० प्रतिशत आर्थिक सहयोग गर्ने आदि इत्यादि साझा प्रतिवद्धताको रुपमा ल्याइएको छ । सार्वजनिक जग्गाको संरक्षण, स्वास्थ्य क्षेत्रमा पनि सबैको साझा मुद्दा भनेको कीर्तिपुरमा संचालित सरकारी स्वास्थ्य संस्था र कीर्तिपुर अस्पतालको स्तरोन्नति गरी बढी भन्दा बढी सास्थ्य लाभ लिन लगाउने पनि उल्लेख गरिएको छ । त्यस्तै स्वास्थ्य वीमामा पनि जोड दिएको छ ।**

**सबैको प्रतिबद्धता कीर्तिपुरको आवश्यकता अनुसार आएतापनि अव चुनावमा जितेपछि भने जनप्रतिधिहरुले के कसरी काम गर्ने हो हेर्न बाँकी नै छ ।**

बालबालिकाको कुरा सुनौं
बाल दुर्ब्यवहार अन्त्य गरौं

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि
मन्त्रालय
सूचना विभाग




# कीर्तिपुरमा नागरिक संवाद केन्द्र

गत २०७४ वैशाख २३ गते कीर्तिपुर नगरभेगका नागरिकहरू भेला भै निम्न विषयमा छलफल गरी भेलालाई औपचारिकता दिइयो ।

**छलफल भएको विषयः**

–नागरिकको भोट दिने अधिकार र सदुपयोग र निर्वाचन पश्चात खेल्नु पर्ने भूमिका,
–स्थानिय तहको काम, कर्तव्य, कार्य शैलीमा हुँदै आएको व्यवहार र जनताको नकारात्मक मूल्यांकन,
–स्थानिय तहलाई नागरिक उत्तरदायी बनाउने,
–स्थानिय तहलाई नागरिकको मौलिक हक र विशेष हकको संरक्षण र कार्यान्वयनतिर अग्रसर गराउने,
–यस भेगको विभिन्न स्थानको प्रचलित नाम मासिँदै गएको विषयमा गम्भीर हुनुपर्ने ।
–पहिचानको विषयमा आम मानिसको बुझाइमा एकरुपता नभएको,
–नागरिकभित्र विश्वासको कमी,
–नागरिकमा स्वयंसेवकको भावनामा कमी आएको,
–निर्वाचनको समयमा साना ठूला नागरिक समाजको गठन कुनै एउटा दलको प्रयोजनका लागि हुने भएकोले सो समाज निर्वाचन पश्चात निस्क्रिय हुँदै जाने गरेको । तर यस समूहले निस्पक्ष भई निरन्तर रुपमा अगाडि बढ्नु पर्ने,
–यस संवाद केन्द्रले अन्य नगरपालिका वा उप र महानगरपालिकामा समेत त्यस क्षेत्रको नागरिक संवाद केन्द्र स्थापना गराउन पहल गर्ने ।

**भेलाको उपलब्धिः**

क. समूहको नामाकरणः यस समूहलाई नागरिक संवाद केन्द्र, कीर्तिपुर अंग्रेजीमा Civic Dialogue Centre , Kirtipur छोटकरीमा CDC, Kirtipur भनेर नामाकरण गरियो । जसमा एक जना संयोजक हुने गरी सम्पूर्ण सहभागी नागरिकहरु सदस्य हुनेछ ।

**ख. अवधारणाको खाका तयार**

नेपालको संविधान २०७२ ले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र राष्ट्रको रुपमा स्थापित गरिसकेको छ । संघीयतालाई अंगीकार गरिसकेपछि देशले भौगोलिक संरचना सहीत केन्दीकृत शासन प्रणालीबाट रुपान्तरित भई राज्य शक्तिको बाँडफाँडको अभ्यासमा लाग्नेछ भन्ने हामीलाई लागेको छ । यसै शिलशिलामा २० वर्षपछि स्थानिय तहको निर्वाचन हुन गैरहेको छ । यो स्वागत योग्य कुरा हो । देशको बदि्लंदो परिस्थितिमा नागरिकको भूमिका र दायित्व विषयमा बुझ्ने बुझाउने तथा समाज हीतका लागि नागरिकले स्वतन्त्र रुपमा आफ्ना कार्यहरु गर्न पनि नेपाली नागरिकलाई बाटो देखाएको छ । २०४६ सालको प्रजातान्त्रको पुनःस्थापना पश्चात राजनीतिमा आएको परिवर्तन र त्यसले विशेषतः राजधानी क्षेत्रमा पारेको विविध असरका बारेमा जनमानसमा जानकारी हुँदा हुँदै पनि मानिसको जीवन शैलीमा तीव्रतर रुपमा आएको परिवर्तनका कारण नागरिकले आफ्नो तर्फबाट भूमिका निभाउने काम शीथिल छ भन्ने कुरा महशूस गरिएको छ । नागरिकले आफ्नो हकको सुरक्षा र उपभोगका लागि सरकारी तथा गैर सरकारी संस्थाद्वारा प्रदान गरिइने सेवा सुविधाको बारेमा सुसूचित हुनु पाउनु नागरिकको अधिकार हो । यसै संग सम्बन्धित भएर कीर्तिपुर क्षेत्रभित्रका युवा, महिला, बुध्दिजीवी, शिक्षक, विद्यार्थी, मजदुर सबै नागरिक एकठाउँमा रहेर यस नगरभित्र स्थानिय तह सरकार तथा अन्य संघसंस्थाका क्रियाकलापहरुबाट हुन सक्ने नकारात्मक र सकारात्मक असरहरुको बारेमा छलफल तथा संवाद गरी आवश्यक कदम चाल्न निम्न उद्देश्य निर्धारण गरिएको छ

–नागरिक, समाज र राष्ट्रको हीतमा आवश्यक काम गर्ने र त्यसका लागि स्थानिय तह सरकारको ध्यान आकर्षित गर्ने ।
–नागरिकको भूमिका, दायित्व र मौलिक तथा विशेष हक अधिकारका बारेमा नागरिक शिक्षा दिई सुसूचित गर्ने र उक्त हक अधिकार संरक्षण गर्न गराउन कार्यान्वयनमा जोड दिने ।
–नगरपालिका, वडा लगायत सम्पूर्ण स्थानिय तह सरकार्को काम र सेवामा चुस्त, दुरुस्त, निस्पक्ष, र निकाय भ्रष्टाचार मुक्त र पारदर्शित रुपले काम गराउन प्रेरित गर्ने, दवाव दिने वा अन्य प्रक्रिया अपनाउने ।
–नागरिक संवाद केन्द्रको संजाल विकास गर्ने ।

**४. निर्णयः**

१. हाल संयोजकको रुपमा रजनीमिलालाई जिम्मा दिइयो । ६, ६ महिनामा संयोजक परिवर्तन गरी कार्यभारको जिम्मा यस नागरिक संवाद केन्द्रको कार्य र उद्देश्यप्रति निष्ठावान् र प्रतिवद्ध व्यक्तिलाई दिइने गरियो । २. यस संवाद केन्द्रमा कुनै पनि राजनीतिक दलको आग्रह र पूर्वाग्रह नराखी निस्पक्ष, स्वतन्त्र र समानतामा विश्वास गर्ने कीर्तिपुर भेगका नागरिकलाई आवद्ध हुन संयोजक र हरेक सदस्यले आव्हान गरिइने । ३. कीर्तिपुर नगर भेगका नागरिकहरुको संजाल निर्माण गर्ने । ४. मिडियासंग सहकार्य गर्दै जाने । ५. यस समूहलाई नागरिक संवाद केन्द्र, कीर्तिपुर अंग्रेजीमा Civic Dialogue Centre, Kirtipur छोटकरीमा CDC,Kirtipur जसमा एक जना संयोजक हुने गरी सम्पूर्ण सहभागी नागरिकहरु सदस्य गरी निर्णय गरियो । ७. अवधारणा र उद्देश्यमा सरसल्लाह मुताविक अझ सुधार गर्न आव्हान गरी आएको सुझाव अनुसार परिमार्जन गर्ने ।आजको भेलामा सहभागी हुनुभएका महानुभावहरुलाई हार्दिक धन्यवाद सहीत भेला सम्पन्न गरियो । २०७४ वैशाख २६ गते कीतिपुर नगर भेगका नागरिकहरु भेला भै निम्न विषयमा छलफल गरी निर्णय गरेको जानकारी नागर संवाद केन्द्रका रजनी मिलाले बताउनु भएको छ।

**२. छलफल भएको विषयः**

नागरिक संवाद केन्द्रको परिचय, भूमिका र उद्देश्य
संविधान प्रदत्त नागरिकको परिभाषा, कर्तव्य र दायित्व
नागरिकको अधिकारमा भोट दिने अधिकार
स्थानिय स्तरमा स्थानिय नागरिकको भूमिका
संवाद केन्दको संरचना, र संजाल निर्माण
यस भेगको विभिन्न स्थानको प्रचलित नाम मासिँदै गएको विषयमा गम्भीर हुनुपर्ने । संवाद केन्द्रमा गैर नेवाःहरुलाई प्रवेश गराउने या नगराउने, अहिंसा र बलप्रयोग गर्ने क्रियाकलापहरुलाई निरुत्साहित गर्ने, निर्वाचन पछाडि गरिइने कार्यक्रमहरुको सामान्य छलफल

विविध ४. निर्णयः १. यस संवाद केन्द्रमा कुनै पनि राजनीतिक दलको आग्रह र पूर्वाग्रह नराखी निस्पक्ष, स्वतन्त्र र समानतामा विश्वास गर्ने कीर्तिपुर भेगका नागरिकलाई आवद्ध हुन संयोजक र हरेक सदस्यले आव्हान गरिइने । , २. नागरिकको मत दिने अधिकारको सही प्रयोजनका लागि प्रेस वक्तब्य दिई आव्हान गरिइने । आजको भेलामा सहभागी हुनुभएका महानुभावहरुलाई हार्दिक धन्यवाद सहीत भेला सम्पन्न गरियो ।



TREE MEDIA PVT. LTD.

# ट्रि मेडिया प्रा. लि.

कीर्तिपुर, काठमाडौं

फोन नं.: ०१-४३३४४७४, ९८५१२१०४६३, ९८५१०९११२४

## सम्पूर्ण काम एउटै रूखमुनि




treemedianp@gmail.com Treemediapvtltd

# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको तर्फबाट कीर्तिपुर नगरपालिकाका उपमेयरको उम्मेदवार रमेश कुमार महर्जनसंग सिधा प्रश्न

स्थानीय तहको चुनावका लागि विभिन्न राजनीतिक पार्टीहरुले आ आफ्नै तयारी गरेका छन्। कीर्तिपुर नगरपालिका वडा नं.७ इटागोल निवासी रमेश कुमार महर्जन जो देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको तर्फबाट आउने बैशाख ३१ गते हुन लागेको स्थानीय तहको निर्वाचनमा कीर्तिपुर नगरपालिकाको उपमेयरको उम्मेदवार हुनुहुन्छ। लामो समयदेखि राजनीति र समाजिक क्षेत्रमा क्रियाशिल उहाँसंग हाम्रा सम्वाददाताले गरेको कुराकानीको आधारमा तयार पारेको केही प्रश्नको जवाफ यहाँ प्रस्तुत गरिएको छ – संपादक

**तपाईंहरुले दोस्रो संविधान सभाको चुनावको बेला चुनाव बहिस्कार गर्नुभएको थियो, किन ? अहिले किन चुनावमा भाग लिंदै हुनुहुन्छ ?**

–त्यतिबेला बुर्जुवा र सामन्ती पाराले चुनाव गराएर बनाउने संविधान जनताको संविधान बन्न सक्दैन। सर्वदलिय सर्वपक्षिय गोलमेच सम्मेलनबाट संविधान निर्माण गर्नुपर्छ भन्ने माग हो। सरकारी कर्मचारी प्रधान न्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा रहेको सरकारले गराउने चुनावमा भाग नलिने भनेर बहिस्कार गरेको थिएँ। चुनाव भयो। ६०१ जना सभासदको नाममा तीन दलीय सिन्डिकेटले बनाएको संविधान लागु नहुँदै संशोधन गर्नु पर्‍यो। यसैबाट थाहा हुन्छ, हाम्रो विचार सही थियो।

अहिले किन स्थानीय तहको चुनावमा भाग लिंदै हुनुहुन्छ ?

–हामीले यो स्थानीय तहको चुनावलाई उपयोग गर्ने नीति अन्तर्गत भाग लिइरहेका छौं। यस चुनावको माध्यमबाट हाम्रो विचार जनता समक्ष लैजानको लागि हामी यस चुनावलाई उपयोग गरिरहेका छौं।

**तपाईं मेयरमा उठ्नु पर्ने मान्छे, उपमेयरमा किन उठ्नु भएको ?**

–भन्ने बेलामा सबैले महिला र पुरुष समान छ। महिलालाई आधा आकाश भन्ने गरिन्छ। अहिलेको यो स्थानीय तहको चुनावमा हेर्नुस् त कति सक्षम महिलाहरु हुँदा हुँदै पनि सबै पार्टीहरुले महिलालाई केवल उपमेयर पदमात्र दिइएको छ। यदि एक जना महिला र पुरुष अनिवार्य हुनुपर्छ भन्ने नियम नभएको भए महिलालाई उपमेयर पद पनि दिने थिएन। त्यसैले हामीले महिलाले पनि नगर हाँक्न सक्छ भन्ने देखाउनको लागि शारदाजीलाई मेयरमा उठाएको हुँ। हामी दुबैजना मेयर हुन लायक छौं।

**तपाईं उपमेयरमा त उठ्नु भयो। तपाईंलाई जनताले किन मत दिने ?**

– म २०३८ सालदेखि बामपंथी विचारधाराको विद्यार्थी थिएँ। आजसम्म पनि म बामपंथी नै छु। मैले राजनीतिको साथ साथै समाजसेवा पनि गर्दै आइरहेको छु। आजसम्म मैले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर काम गर्दै आइरहेको छु। यसको अलावा हामीलाई निम्न कारणले पनि जनताले मत दिनुहुन्छ भन्ने विश्वास छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि स्थानीय तहबाट नै जागरण पैदा गर्ने ,वैज्ञानिक र क्रान्तिकारी भुमि सुधारको व्यवस्था गर्न, जातीय क्षेत्रीय स्वायत्तता तथा उत्पीडित जातीय पहिचान सहितको संघीयता लागु गर्न, महिला दलित तथा मुस्लिम समुदाय र अपाङ्गका लागि सबै खाले उत्पीडनको अन्त्य र विशेषाधिकारको ग्यारेन्टी गर्न, राष्ट्रिय आत्मनिर्भर र स्वाधिन



उप-मेयर पदका उम्मेद्वार
रमेश कमार महर्जन

अर्थतन्त्रको विकास गर्न, शिक्षा स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा र खाद्य सम्प्रभुता जस्ता जनताको मौलिक अधिकारलाई व्यवहारत सुनिश्चित गर्न, भ्रष्टाचारी, कालाबजारी, कमिशनखोर र तस्करहरुको पहिचान गरि कारवाही गर्न, खानेपानी, ढल निकास, सडक विस्तार, बिजुली र सुचना प्रविधिजस्ता विकास निर्माणका कामलाई गति दिन मैले उम्मेदवारी दिएको हुँ। मलाई विश्वास छ यही कारणले हाम्रा उम्मेदवारहरुलाई मतदाताले मत दिनुहुन्छ।

## कीर्तिपुर नगरपालिकाको स्वतन्त्र उम्मेदवार दिनेश दर्शनधारीको

# प्रेस विज्ञप्ति



दिनेश दर्शनधारी
स्वतन्त्र प्रमुख उम्मेदवार
कीर्तिपुर नगरपालिका, कीर्तिपुर

**कीर्तिपुरवासी आमाबुबा, दाजुभाइ, दिदीबहिनी,**

ज्वजलपा/नमस्कार, म एक जना सिभिल इन्जिनियर हुनुको साथै स्वतन्त्र युवा व्यवसायी हुँ। कीर्तिपुर नगरपालिकाको समग्र विकासको लागि आउने स्थानीय तहको चुनावमा प्रमुख पदमा स्वतन्त्र रुपले उम्मेदवारी दिन मेरा धेरै हितैषी मित्रहरु र शुभचिन्तकहरुले अनुरोध गर्नुभयो। म एक जना नेपाली भएको कारण मेरो पनि अधिकारको कुरा ठानेर मैले कीर्तिपुर नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दर्ता गराएको थिएँ।

उम्मेदवारी दर्ता गराएर स्वतन्त्र उम्मेदवारको चुनाव चिन्ह लिंदासम्म चुनाव प्रचारप्रसार गर्ने समयनै रहेन। यसरी थोरै समयमा मतदाताको घरदैलोमा जान समयनै पुगेन। म नयाँ मान्छे, मलाई नचिन्ने मतदाताले मेरो कार्यक्रम जतिसुकै राम्रो र जनउपयोगी भए पनि मलाई मत दिने सम्भव रहेन। अहिले उम्मेदवारहरुको लिस्ट हेर्दा धेरैजना योग्य र सक्षम देखिएको हुँदा जसले जिते पनि कीर्तिपुरको समग्र विकासको लागि प्रतिवद्धता व्यक्त गरेको देखें। त्यसैले अहिलेलाई मैले मेरो उम्मेदवारी फिर्ता लिने विचार गरेको छु। उम्मेदवारी फिर्ता लिने समय बितीसकेको कारण निर्वाचन नियम बमोजिम मेरो उम्मेदवारी कायम रहे पनि मैले कुनै किसिमको प्रचारप्रसार नगरी चुपचाप बस्ने निर्णय गरेको हुँदा यहाँहरु समक्ष यस प्रेस विज्ञप्ति मार्फत जानकारी गराउन चाहन्छु।


"माओवादी केन्द्रको उपहार-गाउँ नगरमा सिंहदरबार"
उज्यालो नेपाल हाम्रो अभियान-गोलाकार भित्रको हँसिया हथौडामा अमूल्य मतदान ।।
नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)
कीर्तिपुर नगरपालिका, काठमाडौं ।
नगरपालिका चुनावका लागि जारी
चुनाव चिन्ह
हाम्रो प्रतिवद्धता ।
मेयर
उम्मेद्वार
क. हिराबहादुर महर्जन
उप-मेयर
उम्मेद्वार
क. शुशिला बस्नेत
वडा नं. ८ अध्यक्ष
उम्मेद्वार
क. समिर महर्जन
वडा नं. ८ सदस्य महिला
उम्मेद्वार
क. शर्मिला महर्जन
वडा नं. ८ सदस्य खुल्ला
उम्मेद्वार
क. राजेश्वर महर्जन
वडा नं. ८ सदस्य खुल्ला
उम्मेद्वार
क. राजेश महर्जन
बैशाख ३१ गतेको स्थानिय निर्वाचनमा गोलाकार भित्रको हँसिया हथौडामा मतदान गरी माओवादी केन्द्रका मेयर, उप-मेयर तथा वडा नं. ८ का सम्पूर्ण उम्मेद्वारहरूलाई अत्याधिक बहुमतले विजय गराऔं ।

# चुनाव



रामभोला महर्जन

चुनाव भनेको चुन्नु हो । नागरिकहरुको आफ्नो मताधिकारको प्रयोग गर्नु हो अथवा आफ्नो राजीखुसीले आफ्नो हक अरुलाई प्रयोग गर्न दिनु हो । यस्तो व्यवस्था प्रत्येक प्रजातान्त्रिक देशहरुमा कानुन द्वारा नै अधिकार दिएको हुन्छ। यस्तो अधिकार नेपालमा २००७ सालको प्रजातान्त्रिक आन्दोलनबाट जहाँनिया राणा शासनलाई हटाइसकेपछि बहुदलीय व्यवस्थाबाट मात्र सु-निश्चित गरिएको थियो ।

त्यसपछि जनताको अधिकारलाई फेरी सु-निश्चित गर्न २०४६/०४७ को जन आन्दोलन गर्नु परेको थियो। प्रजातन्त्र पुन: प्राप्त भइसके पछि नेपाली जनताको जनचाहना अभिबृद्धि हुनु स्वाभाविक हो। नेपाली जनताका जन चाहना नबुझी सिमीत राजनीतिक दलहरुले दलतन्त्रको विकास गरि मनपरि प्रजातन्त्रको उपयोग गर्न थाल्यो । दलहरु बिच तानातान र हानाहान गरि प्रजातन्त्र कमजोर स्थितिमा पुऱ्यायो । राजनीति प्रतिवद्धता र इच्छा शक्तिमा प्रजातन्त्र सफलता वा असफलता निर्भर हुन्छ। यो कुरा राजनीतिक पार्टीहरुले बुझिएर पनि बुझ पचाएको जस्तो देखिएको थियो ।

जुनसुकै धर्म, वर्ण, जातजाति भए पनि हामी सबै समान नेपाली हौं। राष्ट्रिय स्वतन्त्रता र अखण्डताप्रति आस्थावान रहि एकताको सुत्रमा आवद्ध भई बाँचीरहेका छौं। तर सबै नेपालीहरु लाई समष्टि रुपमा राष्ट्रको संवैधानिक व्यवस्था भए पनि विभिन्न भागमा मातृभाषाका रुपमा बोलिने सबै भाषाहरुलाई राष्ट्रभाषा बाट कामकाज गर्न नपाउँदा असंख्य भाषा भाषीका मानिसहरु राष्ट्रको मुल राजनीतिमा समाहित हुन सकिराखेको छैन । उनीहरुले आफ्नो असंतोष प्रकट गरि बिरोधको आवाज उठाइरहेकोले पनि २०४७ को संविधान जनताको संविधान हुन सकेको थिएन ।

हाम्रो देश पुर्व मेचीदेखि पश्चिम माहाकाली हिमालदेखि तराईसम्म फैलिएको र तराईमा बस्ने मधेसी पहाडमा बस्ने पहाडी र हिमालमा बस्ने शेर्पा हामी सबै नेपाली जनता हो हाम्रो देश विकाश गर्न सबै मिल्यो भने गाह्रो पनि छैन, तर हामी एक आपसमा नै शत्रु भावले एक आपसमा हिलो छ्यापा छ्याप गर्ने, यिनीहरुलाई अधिकार दियो भने देशलाई नै टुक्रा पारिदिन्छ भनेर अधिकार नै नदिने सामन्ती सोच पलाएर राख्ने यो राम्रो कुरा होइन तराईका आदिवासीहरुले आफूलाई पहाडी राज्यसत्ताले अधिकार नदिएको महसुस गरेर आन्दोलन गर्न पाउँछ कि पाउँदैन। उहाँहरुको जायज केहि मागहरु पुरा गरि दिनुपर्छ भनी यो सरकारलाई थाहा रहेन छ भने पञ्चायत सरकारले त्यसबेला बहुदल मागेका जनतालाई यो मुठिभरका अराजनैतिक तत्व भनेर नपेलेको भए २०४६/०४७ सालको जनआन्दोलन नै हुँदैनथ्यो। त्यस्तै पुर्व राजाले वहुदल सरकारलाई कु नगरेको भए गणतन्त्र नै आउँदैनथ्यो । त्यसकारण यो सरकारले यी कुराहरु बिर्सनु हुँदैन्थ्यो । मधेसी जनताले आन्दोलनको उपलब्धी प्राप्त गरेको सुन्न र महसुस गर्न सके कुनै अराजक शक्तिले स्थिति विथोल्न नसक्ने विश्वास गर्छन। त्यसैले बुझे चुनाव पर्व हुन्छ नबुझे त्यही पर्व कहिल्यै नमेटिने घाउ लगाएर जान सक्छ।

हामीले संविधान जारी गर्नुभन्दा पहिलेदेखि संविधान सभा बहिस्कार गरिराखेको मधेसको मागलाई संबोधन गरेको भए आज यस्तो अवस्था आउने थिएन होला । ठूला दलका ठूला नेताहरुलाई जसरी भए पनि आफू मन्त्री प्रधान मन्त्री हुन लालायित हुनु हो। संविधान जारी हुने बेला एमाले अध्यक्ष ओलीले नेपाली कांग्रेसका अध्यक्ष सुशिल कोइरालालाई जतिसक्दो छिटो प्रधानमन्त्रीको कुर्सिबाट हटाएर आफू बस्न चाहन्थे। त्यसैले मधेसीहरुले संविधान सभा वहिस्कार गर्दागर्दै संविधान जारी गराउन फास्टट्र्याकको बाटो रोज्यो। त्यसबेला सर्त नै यस्तो कि संविान जारी हुनासाथ सुशिल कोइरालाले कुर्सि छाड्ने। त्यसमा छिटो भन्दा छिटो केपी ओली प्रधानमन्त्रीको कुर्सिमा विराजमान हुने तर जसरी संविधानले मुलुकको राजनीतिलाई निकासा दिने वा नदिने त्यसको कसैले मतलब गरेको देखिएन जसले गर्दा समस्या अहिले पनि ज्यूँकात्यूँ छन । अहिले पनि कांग्रेस माओवादी केन्द्र गठबन्धन सरकारको प्रधानमन्त्री पुष्पकमल दाहालले स्थानीय चुनाव गराएपछि मात्र शेरवहादुर देउलालाई प्रधानमन्त्रीको कुर्सि हस्तान्तरण गर्ने सम्झौता छ। त्यसैले अहिलेको मुख्य मुद्धा जेसुकै भए पनि जसरी भए पनि स्थानीय चुनाव गर्नेतिर कांग्रेसको ध्यान गएको देखिन्छ। त्यसमासत्ताघटक स्वम माओवादीको भने त्यती रुचि देखिएको छैन। उसलाई सत्तामा नै टाँसिरहने मन लागिरहेको छ। त्यसकारण उसले अनेकौं तानावाना बुनिरहेको हामीले प्रष्ट देखिरहेका छौ। अहिले सबै पार्टीहरुले चुनाव जितीसकेपछि हामीहरुले यो देशलाई यतिसम्म यहाँसम्म विकास गर्छौं भनेर आ-आफ्नो घोषणा पत्रद्वारा प्रतिवद्धता व्यक्त गर्दै हाम्रो सामु भोट माग्न आइरहेको छ। अहिलेसम्म तपाईंले यस्तो घोषणा पत्र प्रतिबद्धता पत्र कतिचोटि पाइसक्नु भयो। यो हाम्रो काठमाडौं शहरलाई वालछ्याल हुने गरि पानीले सफा गरिदिनेदेखि सिंगापुरसम्म बनाइदिने प्रतिवद्धता पढ्नु भएको होइन र ! कता गयो त्यो प्रतिवद्धता कहिले तपाईले यी नेताहरुलाई यस बारेमा प्रश्न गर्नु भएको छ ? अब चुप लागेर बस्ने बेला होइन मुख खोल्ने बेला आएको छ विचार गर्नुस यो मौका पनि गयो भने अर्को चुनाव अर्कै किसिमले आउँछ। हामीलाई यी नेताहरुले घरको न घाटको बनाइदिन्छ। उनीहरु चाहिं साधारण घरबाट महलमा सरेको हेर्नु पर्ने हुन्छ।

लोकतान्त्रिक प्रक्रिमा जनतालाई सहभागी बनाएर स्थानीय तह जनताको हातमा पुगेपछि लोकतन्त्रको जग बलियो हुनेछ। भनेको धेरै सुन्दै आएका छौं यसपाली हुन लागेको चुनाव पनि व्यापक आशंका र अन्यौल बिच पहिलो चरणको चुनाव हुन लागेको हुनाले कुनै पनि बेला राजनीतिकले नाटकीय मोड लिन सकिने आशंका पनि यथावत कायम छ नै।

आशंका यी आशंकाको घेराभित्र हुन लागेको यसपालीको स्थानीय चुनावको चहलपहल दिन दिनै बढिरहेको छ यो चुनाव स्थानीय प्रतिनिधी छान्न अधिकार पनि स्थानीयको नै हो। तर केन्द्रबाट छानेर पठाएको हाम्रो स्थानीय नेताहरुलाई हामीले मुल्याङ्कन गर्नु त्यसकारणलेपनि आवश्यक छ कि त्यो व्यक्ति जुनसुकै पार्टीको भए पनि त्यो व्यक्तिले स्थानीय समस्या समाधान गरेर हाम्रो शहर सफा, हराभरा र विकासको ढोका खुलाउन सक्षम भएको हुनुपर्ने छ। हाम्रो मान्छे होइन राम्रो र सक्षमले नै काम गर्न सक्छ।

SLC
BRIDGE COURSE
1.SCIENCE
2.MANAGEMENT
3.TECHNICAL
● NURSING/HA
● OVERSEER
● ENGINEERING

VALLEY
INSTITUTE, KIRTIPUR
NEAR KIRTIPUR GATE
014332509, 9849421216
www.valleyedu.com.np
facebook.com/valleyedu

भर्ना खुल्यो
गोरखनाथ मा. वि.
ढोकासी टोल, कीर्तिपुर–९, फोन नं. ४३३२६१४
शिशु कक्षा देखि कक्षा ९ सम्म नयाँ भर्ना खुल्यो ।








माओवादी केन्द्रको उपहार गाउँ नगरमा सिंहदरबार
उज्यालो नेपाल हाम्रो अभियान गोलाकार घेराभित्रको हँसिया हथौडामा अमूल्य मतदान ।।
नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)
कीर्तिपुर नगरपालिका, काठमाडौं ।
चुनाव चिन्ह
नगरपालिका चुनावका लागि जारी
हाम्रो प्रतिवद्धता ।
मेयर उम्मेदवार
क. हिराबहादुर महर्जन
चुनाव चिन्ह
उप-मेयर उम्मेदवार
क. शुशिला बस्नेत
वडा नं. ५ वडा अध्यक्ष उम्मेदवार
क. बैकुण्ठ महर्जन
वडा नं. ५ महिला सदस्य उम्मेदवार
क. तेजनानी महर्जन
वडा नं. ५ दलित महिला सदस्य उम्मेदवार
क. विनिता नेपाली
वडा नं. ५ सदस्य खुल्ला उम्मेदवार
क. पुर्ण महर्जन
वडा नं. ५ सदस्य खुल्ला उम्मेदवार
क. राजेस विष्ट
बैशाख ३१ गतेको स्थानिय निर्वाचनमा गोलाकार भित्रको हँसिया हथौडामा मतदान गरी माओवादी केन्द्रका मेयर, उप-मेयर तथा वडा नं ५ का सम्पूर्ण उम्मेदवारहरुलाई अत्याधिक बहुमतले विजय गराऔं ।

# च्याम्पियन्स लिगमा रियल र युभेन्ट्स अगाडी



–नविन महर्जन–

फुटवल खेलको चर्चिट प्रतियोगिता मध्ये च्याम्पियन्स लिगलाई माथिल्लो लिग प्रतियोगिताको रुपमा लिने गर्दछ। हुनत फुटवल विकासको मेरुदण्ड नै लिग हो तर हाम्रो देशमा अहिले लिग प्रतियोगिता नै हुन पाएर वास्तवमा फुटवलको आधारभूत विकास हुन नसकेको अवस्था छ । फुटवलमा लिग प्रतियोगिताको विकासले व्यवसायिक खेलको विकास हुन्छ। साँच्चीकै क्लबमा आवद्ध भई अगाडी बढ्न लिगको विकास हुनु अपरिहार्य छ तर विगत केही वर्षदेखि लिग खेलको गति सुस्ताएकोले नेपाली फुटवल नकआउटमा भर परेको छ। यो भनेको संख्यात्मक प्रतियोगिता बढी भएको हिसावमा प्रतियोगिताको गन्तिमा बृद्धि भएको देखिन्छ। तर वास्तविक गुणात्मक खेलको बृद्धि हुन सकेको छैन । तसर्थ राष्ट्रिय लिग प्रतियोगितालाई निरन्तरता दिन सबै लाग्नु पछ।

गत साता सम्पन्न च्याम्पियन लिगको सेमिफाइनल खेलको पहिलो लेगमा घरेलु लिगमा बर्चस्व कायम गर्न सफल रियल म्याड्रिड र युभेन्टसले आफ्नो उत्कृष्ट प्रदर्शन गर्न सफल भएको छ। च्याम्पियन्स लिगको सेमिफाइनलमा स्टार खेलाडी क्रिश्टियानो रोनाल्डोको ह्याट्रिकले रियल म्याड्रिडले अर्को छिमेकी टिम एट्लेटिको म्याड्रिडलाई ३-० गोलले स्तब्ध पारेको छ।

त्यसैगरी इटालियन सिटी 'ए' मा युभेन्ट्स लगातार छैठौं पल्ट च्याम्पियन बन्ने संघारमा छ। उसले दोस्रो स्थानमा रहेको रोमन भन्दा ९ अंकको अग्रता कायम गरिराखेको छ जुन भनेको गणितिय हिसाबमा च्याम्पियन भैसकेको नतिजा हो तर हालसम्म केहि खेल बाँकी रहेको कारणले घोषणा हुन बाँकी रहेको हो । भेट्रान खेलाडी गोल किपर जियनलुइजी वुफोनको उत्कृष्ट प्रदर्शनले युभेन्ट्सले घरेलु लिग र च्याम्पियनस लिगमा समेत फाइनलमा पुग्ने आशा पक्का गरेको छ । गत साता सम्पन्न सेमिफाइनलको पहिलो लेगमा युभेन्ट्सका अर्जेन्टिनी फर वार्ड गोन्जालो हिग्वाइनको दुई गोलको मदतले मोनाको मागि २-० ले खेल जित्न सफल भएको छ ।

हुनत दोस्रो लिग हिजो मंगलवार र आज बुधबारको खेलले फाइनलमा कुन टिम पुग्छ भनेर निर्धारण गर्ने हो तसर्थ पहिलो लेगको उत्कृष्ट प्रदर्शन हेर्दा स्पेनको घरेलु लिगमा अग्रता कायम गरि राखेको रियल म्याड्रिड र इटालियन सिटी 'ए'मा अग्रता कायम गरि राखेको युभेन्ट्स विच हुने देखिन्छ । वास्तवमा यस च्याम्पियनशीप मा विश्वका चर्चिट र लोकप्रिय क्लबले आफ्नो बर्चस्व काय गरि राखेको देखिन्छ । जस्ले गर्दा आउने फाइनल खेल अति र ोमान्चक र प्रतिस्पधात्मक हुने देखिन्छ। आक्रमक र रक्षात्मक विचको प्रतिस्पर्धा हुने अपेक्षा गरि राखेको छ ।

Mangal Secondary School
proudly announces
Form Distribution
2073 Chaitra 24
Entrance Exam
2074 Baisakh 7
Admissions Open
Play Group to IX
Only Limited Seats are available
APPLY NOW
Contact us
4335560 ,4330544
11AM to 3PM

WE ARE OPEN FOR
ADMISSION



Innovative Preschool
2017
"A Gateway to Excellence"
# Small Class Size
# Wide and Varied Curriculum
# Trained Teachers and Professionals
# Spacious Location
# Library
# Earthquake Resistant Building
Age 2+, 3+, 4+ Group
Contact: Panga, Pragati Path, Karki tole
Ph: 014334117, 9841301858

ADMISSION OPEN
भर्ना खुल्यो ! भर्ना खुल्यो ! ! भर्ना खुल्यो ! ! !
भर्ना चाल ! भर्ना चाल !!
मातृ भाषामा शिक्षा लिनु हरेक बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालभाषा, नेपाली भाषा र अंग्रेजी भाषामा पढाई हुने एक मात्र स्कूल किपू नेवाः इंगलिस स्कूलमा प्ले ग्रुपदेखि युकेजि सम्म नयाँ भर्ना खुल्यो ।
KIPOO NEWA ENGLISH SCHOOL
प्रिन्सिपल
किपू नेवाः ईगलिस स्कूल
नयाँ बजार, भाजंगल जाने बाटो

# नयाँ शक्ति पार्टी नेपाल कीर्तिपुर नगरपालिका प्रतिवद्धता-पत्र

पुरानालाई हेर्‍यौं धेरै पटक !
नयाँलाई हेरौं यस पटक !!
हटाऔं ढिलासुस्ती, कमिसन तन्त्र र भत्काऔं भ्रष्टाचारको जालो !!
कीर्तिपुरको विकास गर्ने नेतृत्व, अब नयाँ शक्तिको पालो !!
योजनामा दुरदर्शिता, कार्यशैलीमा पारदर्शिता र परिणाममा उत्कृष्टता नयाँ शक्तिको प्रतिवद्धता ।

**१. स्वच्छ खानेपानी :** खानेपानीको श्रोत तथा वितरण प्रणालीलाई व्यवस्थित गरि नगरपालिकामा विद्यमान खानेपानीको समस्या एक महिना भित्र समाधान गरिनेछ । मेलम्चीको पानीलाई यथाशिघ्र कीर्तिपुरको वितरण प्रणालीमा जोडी थप सुव्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।

**२.सडक निर्माण तथा विस्तार :** कीर्तिपुरको वैकल्पिक प्रवेश मार्गको तत्काल अध्ययन गरि कार्य अगाडी बढाईनेछ । सडक आधुनिक, व्यवस्थित र गुणस्तरिय निर्माण गरिनेछ । कीर्तिपुर नगरपालिका भित्र रहेको सबै गोरेटो बाटो जग्गा एकिकरण (Land Pooling) विधि अनुसार फराकिलो पारिनेछ । सडकको स्तर उन्नति र वातावरण मैत्री बनाउन विशेष ध्यान दिईनेछ । सडक विस्तार गर्दा जनतालाई हुने समस्या प्रति नयाँ शक्ति पार्टी सचेत छ । न्यायोचित क्षतिपुर्तिको ग्यारेन्टी गरेर सडक विस्तार गरिनेछ।

**३.ढल निकास :** हाल समस्या ग्रस्त ढल निकासको व्यवस्थापन कार्य तत्काल गरिने छ । दिर्घकालिन समस्या समाधानको लागि समग्र कीर्तिपुर, पाँगा, नगाउँ, चोभार, टौदह, लनगोल, भत्केपाटी, मच्छेगाउँ, सल्यानस्थान, ट्यांगलाफाँट लगायतका मुख्य वस्तीहरुको प्राविधिक अध्ययन गरि यथाशिघ्र आधुनिक प्रविधीयुक्त ढल निकासको व्यवस्थापन सम्पन्न गरिनेछ । यसका साथै ढलको व्यवस्था नभएको स्थानहरुमा बायो डाइजेस्टर विधि अपनाइ सेफटीट्याँकको फोहरलाई त्यहीं नस्ट गरी पानीको निकास गर्ने व्यवस्था मिलाइने छ ।

**४.फोहर मैला तथा सरसफाई :** सबै टोलमा प्रत्येक दिन सर सफाईको व्यवस्था गरिने छ। फोहोर मैलाको उचित प्रबन्ध फोहोरलाई मोहोर बनाउने विधिमा हल गरिने छ। यसलाई तत्काल समाधान गरिनेछ। यसका लागि स्थानीय संघसंस्थाहरुको सहभागितालाई मुख्य निकायको रुपमा परिचालन गरिने छ ।

**५. भू-उपयोग नीति :** खुल्ला जमिनलाई कृषि, आवास तथा अन्य प्रयोजनको प्रयोजनार्थ एउटा नीति बनाई सामुहिक लगानिमा उपलब्धीमूलक नतिजा ल्याउने ढंगबाट कार्यान्वयन गरिने छ । यसमा पूर्णरुपमा स्थानीय जनताको सहभागिता गरिने छ ।

**६. सार्वजनिक जग्गा :** नगरपालिका भित्रको सार्वजनिक जग्गाको संरक्षण, सम्वर्धन, प्रवर्धन गर्दै हरियाली र वातावरण मैत्री बनाउँदै उत्पादनको क्षेत्रमा लगाईनेछ । जसबाट स्थानीय जनताको आवश्यकताको आधारमा विकास गतिविधिहरुका लगानी गरिने छ ।

**७. कृषि तथा सिंचाई :** व्यवशायीक खेतीलाई प्रोत्साहित गरिने छ। व्यवसायीक तथा आधुनिक खेती गर्ने कृषकहरुको लागि आवश्यक सिंचाई, कृषि सामग्री तथा बजारको उचित व्यवस्थापन गरिने छ। यसमा विशेष रुपमा वर्षाको पानीलाई उचित स्थान संचय गरी व्यवस्थित रुपमा वितरण गर्ने प्रणालीको विकास गरिने छ ।

**८. शिक्षामा विकास :** नगरपालिका भित्रका सामुदायिक विद्यालयको गुणस्तरीयता बढाउन आवश्यक प्राविधिक, भौतिक, जनशक्ति साथै अन्य सहयोग नगरपालिकाले गर्नेछ । नगरपालिका भित्र कम्तिमा उच्च माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था गर्ने व्यवस्था मिलाईने छ।

**९. स्वास्थ्य सेवामा पहुँच :** नगरपालिका भित्रका सरकारी तथा गैर सरकारी अस्पताललाई एकीकृत रुपमा सञ्चालनको व्यवस्था गरि नगरपालिकालाई नागरिकहरुका लागि स्वास्थ्य बिमा कार्डको व्यवस्था गरि सर्वशुलभ तरिकाले स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ। साथै हाल संचालनमा रहेको फेक्ट नेपालद्वारा संचालित कीर्तिपुर अस्पताललाई स्तरोन्नती गरी प्रभावकारी ढंगबाट संचालनमा ल्याउने व्यवस्था गरिने छ।

**१०. रोजगारमा पहुँच :** नगरपालिका भित्रको विकास र समृद्धि हासिल गर्ने तथा नगरभित्रका विभिन्न सामाजिक मुद्धाहरुको सामुहिक रुपमा निरुपण गरिनेछ । यस प्रक्रियामा स्थानीय रोजगार सृजनामा अग्राधिकार र नीतिगत निर्णयमा स्थानीय सहभागितामा सुनिश्चिततालाई विशेष महत्व दिइनेछ। एक घर एक रोजगारको लक्ष्य सहित सामुहिक अवधारणामा सबै युवाको सहभागितामा योजनाको विकास र कार्यान्वयन १ वर्ष भित्रमा गरिने छ।

**११.भवन निर्माण आचार संहिता :** नगरपालिकाबाट तोकिएको भवन निर्माण सम्बन्धि मापदण्डलाई पुर्ण रुपमा लागु गरिनेछ। मौलिक पहिचान कायम रहने गरि निर्माण हुने भवनको लागि दस्तुरमा सहुलियत साथै नगरपालिकाले तयार गरेको डिजाइन र इस्टिमेटमा कम्तीमा १० प्रतिशत रकम अनुदान दिने व्यवस्था मिलाईने छ।

**१२. युवा स्व-रोजगार तथा खेलकुद विकास :** युवाहरुलाई स्वरोगगारको अवसर सृजना गर्न नगर स्तरीय एक पोलिटेक्निक इन्स्टीच्यूत खोलिनेछ। लघु वित्त र सहकारी संस्थाबाट स्वरोजगार प्रवर्द्धनको लागि ऋण प्रवाहको व्यवस्था मिलाईने छ। युवाहरुको मानसिक एवं शारीरिक स्वास्थ्यको लागि प्रत्येक वडामा सुविधा सम्पन्न स्वास्थ्य क्लब र खेलकुद मैदान बनाईनेछ।

**१३.विपद जोखिम न्यूनिकरण र व्यवस्थापन :** नगरस्तरीय विपद व्यवस्थापन समिति निर्माण गरि क्षति न्यूनिकरणका साथै पूर्वतयारीका लागि आवश्यक भौतिक सामग्री तथा पुर्वाधार वडा तथा समुदाय स्तर र नगर नगर स्तरमा व्यवस्था गरिने छ साथै खाद्य सुरक्षा रणनीति अनुसार विपदका समयमा तत्कालै राहत दिन सक्ने क्षमता भएको गोदामको व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ। एक घर एक उद्धार व्यक्तिको तयार गरी विपदमा तत्काल सहयोग पुऱ्याउने जनशक्तिको विकास गरिने छ।

**१४.वन पैदावार :** कीर्तिपुर क्षेत्रभित्र रहेको वन पैदावारलाई संरक्षण गर्दै पर्या-पर्यटनको विकासमा महत्वपूर्ण योजना निर्माण गरिने छ। कीर्तिपुरलाई हरित र वातावरण मैत्री बनाउँदै आर्थिक तथा सामाजिक विकासमा प्रयोग गरिनेछ ।

**१५. जग्गा धनी दर्ता प्रमाण पुर्जाको न्यायोचित व्यवस्थापन :** जग्गा नाप जाँच भएको ५२/५३ वर्ष भइसक्दा पनि हजारौं परिवारले आज सम्म जग्गा धनि प्रमाण पुर्जा प्राप्त गर्न सकेको छैन । प्रशासनिक संरचना तयार गरि यस नगरमा रहेको बेनिस्सा, स्वबासी, दर्ता बाँकी जग्गाको अविलम्ब जग्गा दर्ता गरी पहिलो प्राथमिकतामा राखी जग्गाधनी प्रमाण पुर्जा वितरण गरिनेछ।

**१६. सार्वजनिक शौचालय व्यवस्थापन र विस्तार :** नगरका महत्वपुर्ण सार्वजनिक स्थल तथा सम्पदा स्थलहरुमा व्यवस्थित र सुविधायुक्त सार्वजनिक शौचालय निर्माण गरिनेछ।

**१७. पर्यटन सुचना केन्द्रको स्थापना :** ऐतिहासिक कीर्तिपुरलाई आन्तरिक तथा बाह्य पर्यटकहरुको गन्तव्यको रुपमा विकास गरिनेछ। यसका लागि पर्यटन गन्तव्यको राष्ट्रिय सुचीमा सुचिकृत गर्न आवश्यक पहल गरिने छ। पर्यटन विकासको लागि कीर्तिपुरको समग्र जानकारी गराउनको लागि तत्काल पर्यटन सुचना केन्द्रको विकास गरिनेछ।

**१८.सार्वजनिक पुस्तकालय संचालन :** बाल, युवा, महिला तथा जेष्ठ नागरिकहरुको बौद्धिक विकासको लागि प्रत्येक वडामा एक सुविधा सम्पन्न सामुदायिक पुस्तकालय सञ्चालनमा ल्याइने छ । यसको लागि नगरस्तरमा पुस्तकालय तथा रिसर्च सेन्टरको विकास गरिने छ ।

**१९. सामाजिक सुरक्षा/महिला सशक्तिकरण :** महिला सशक्तिकरण तथा शिप विकासको कार्यक्रमहरु प्रभावकारी बनाई बजार व्यवस्थापनको लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ। हाल राज्यले व्यवस्था गरिएको जेष्ठ नागरिक, एकल महिला, शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिहरुको लागि व्यवस्था गरिएको सामाजिक सुरक्षा भत्ता जीवन निर्वाहको लागि पर्याप्त हुने गरि बनाईनु पर्छ भन्ने नयाँ शक्तिको मान्यता रहेको छ । नगरस्तरबाट थप भत्ताको व्यवस्था गरि सामाजिक सुरक्षा भत्तालाई जीवन निर्वाह मुखी बनाईनेछ।

**२०. नगर सुरक्षा :** नगरको सुरक्षार्थ नगरबासीबाटै एक सुरक्षा टोली बनाईनेछ। यसर्थ नगरको सुरक्षा प्रबन्धको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ।

**२१. न्याय निरुपण :** संविधानले व्यवस्था गरे बमोजिम स्थानीय अदालत गठन गरिनेछ । सुलभ, निष्पक्ष र शिघ्र न्याय निरुपणमा जोड दिने हाम्रो प्रतवद्धता हुनेछ।

**२२.सडक बत्ति/ सि.सि. क्यामेराको प्रबन्ध र व्यवस्थापन :** सार्वजनिक क्षेत्रमा सुरक्षा र सुविधाको दृष्टिकोणले प्रमुख सडक, चोक, गल्ली, सार्वजनिक सभा, जमघट स्थलहरुमा सडक बत्ति तथा सि.सि. क्यामेरा जडान गरि सुरक्षाको प्रबन्ध गरिनेछ।

**२३.केबुलकार संचालन :** ऐतिहासिक, धार्मिक तथा मनोरम चम्पादेवी मन्दिरमा केबुलकार निर्माण गरि पर्यटन विकास गर्दै आर्थिक विकासमा टेवा पुऱ्याइनेछ। छिमेकी चन्द्रागिरी नगरपालिका र दक्षिणकाली नगरपालिकासँग समन्वय गरी थप केबुल कारको निर्माण कार्यलाई विस्तार गरिनेछ।

**२४. घरेलु तथा हस्तकला उद्योग :** कीर्तिपुरको मौलिक पहिचानलाई जगेर्ना गर्दै हस्तकला उद्योग, घरेलु तथा साना उद्योगलाई प्रोत्साहित गरिनेछ । घरेलु उत्पादनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ।

**२५. मातृभाषाको विकास र कार्यान्वयन :** सामुदायिक विद्यालयमा सबै मातेभाषाको विषयलाई प्राथमिक तहदेखि नै अध्ययन गर्ने व्यवस्था मिलाईनेछ।

**२६. यातायातमा पहुँच :** नगरका सबै वडामा सहज यात्रा तथा आन्तरिक पर्यटन विकासको लागि सबै वडा परिक्रमा गर्ने गरि नगर बस सञ्चालन गरिनेछ। साथै कीर्तिपुरबाट काठमाडौंको सबै नगरमा सिधा यात्राको लागि बस सञ्चालनको व्यवस्था मिलाईने छ।

**२७. सहकारी संस्था :** नगरभित्रका सहकारीहरुको व्यवस्थापन, सुरक्षित लगानीको वातावरण तय गरिने छ । नगरमा घरेलु उत्पादन, बजार व्यवस्थापन, उत्पादन सुरक्षाको लागि उचित प्रबन्ध गरि सहकारी संस्थाका अधिकतम पुँजी स्थानीय, घरेलु उद्योगको विकासमा परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

**२८. संस्कृति र सम्पदा :** नगरका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाको जगेर्ना गर्दै पर्यटन विकासमा जोड दिईने छ। प्राचिन मौलिक संस्कृतिको संरक्षण, सम्बर्द्धनमा विशेष पहल लिईनेछ । नगरका प्रमुख जात्रा, पर्व, संस्कृतिको सञ्चालन, संरक्षण, सम्बर्द्धनमा नगरपालिकाको तर्फबाट नेतृत्वदायी भुमिका खेलिनेछ।

**२९.भुकम्प पुनर्निर्माण :** महाभुकम्पबाट पीडितहरुको लागि विशेष योजना मार्फत एक वर्षभित्र क्षतिग्रस्त वस्तीहरु तथा सार्वजनिक स्थलहरुको पुनर्निर्माण गरिने छ । भुकम्प प्रभावितहरुको परिचय पत्र बनाई परिचय पत्र बाहक सदस्यहरुलाई नक्शा पासको दस्तुरमा शत प्रतिशत छुटको व्यवस्था गरिने छ । साथै भुकम्प प्रभावितहरुको परिवारको सदस्यलाई रोजगारीमा प्राथमिकता दिइने छ ।

**३०. सांस्कृतिक संग्रहालय निर्माण :** वीरतापूर्ण राजनैतिक इतिहास बोकेको ऐतिहासिक कीर्तिपुरको समग्र जाती, भाषा, धर्म, संस्कृति झल्कने गरि एक साँस्कृतिक संग्रहालय निर्माण गरिनेछ।

**३१.विद्युतिय प्रशासन :** नगरपालिकाबाट प्रवाह गरिने सम्पुर्ण सेवा विद्युतीय माध्यममा हुनेछ। जनता नगरपालिकामा होईन नगरपालिका जनताको घरमा पुऱ्याउने व्यवस्था हुनेछ।

३२.सल्लाहकार समिति : नगरको विकासको लागि विज्ञहरुको आवश्यक सल्लाहको लागि विभिन्न विधामा विद्वत एवं विज्ञ व्यक्तिहरुको सल्लाहकार समिति बनाईनेछ।

**३३.सार्वजनिकिकरण :** नगरपालिकाको कार्य प्रगति विवरण प्रत्येक महिना सार्वजनिक गरिनेछ। जनताको सहभागिता र अपनत्वका लागि प्रत्येक वडा तथा नगरमा नियमित समिक्षात्मक परामर्श गरिनेछ।

**३४.जनमुखी र पारदर्शी प्रशासन :** नगरपालिकाको प्रशासन अत्यन्त सरल, सहज र पारदर्शी हुनेछ। नगरको विकास निर्माणका योजना र बजेट बिनियोजन सरोकारवालाहरुको मरामर्शमा गरिनेछ। सुचनाहरु स्थानीय भाषामा समेत प्रशारित हुनेछ।

**३५. स्मार्ट नगरपालिका :** आगामी ५ वर्षभित्र कीर्तिपुर नगरपालिकालाई स्मार्ट नगरपालिका बनाईनेछ।

# जेष्ठ नागरिक सम्मान खाता

★ हरेक महिना पेन्सन

★ दशैं तथा तिहार खर्च

विस्तृत जानकारीका लागि

सहकारी ऐन २०४८ बमोजिम स्थापित

डि.स.का. दर्ता नं. : ३३३१/०६७/०६८

**दर्शन बचत तथा ऋण सहकारी संस्था लि.**

**Darshan Saving and Credit Co-operative Ltd.**

कीर्तिपुर न.पा.-१७, काठमाण्डौं, फोन नं. ०१-४३३४२३५, E-mail : info@darshansave.com, Website : www.darshansave.com

# ADMISSION OPEN !!!

## Bagh Bhairab Boarding High School

proudly announces admission open for

Play Group (PG) to Grade VIII

For more details, please contact;

**BAGH BHAIRAB BOARDING HIGH SCHOOL**

Panga-dobato, Nayabazar, Kirtipur 17

Tel. 014330141, Mo. 9841292969

Email: baghbhairabbhs@gmail.com

# भर्ना खुल्यो ! भर्ना खुल्यो !!

बाल विकास शिक्षामा लामो समय देखि सेवारत समूहद्वारा सञ्चालित PRAYAS PRE-SCHOOL & TRAINING CENTER मा नयाँ भर्ना खुल्यो !!!

**हाम्रो विशेषताहरू**

- पूर्ण तालिम प्राप्त प्रशिक्षकहरु भएको ।
- लामो समय देखि बाल विकास शिक्षामा कार्यरत प्रशिक्षकहरु भएको ।
- खुल्ला र रमणिय वातावरण भएको ।
- यातायातको व्यवस्था भएको ।
- स्वस्थ र पोषणयुक्त खानाको व्यवस्था भएको ।
- नियमित स्वास्थ्य परिक्षण गरिने ।
- अधिक शैक्षिक सामाग्रीहरुले सजिएको कक्षा कोठाहरु भएको ।
- अंग्रेजी र नेपाली भाषाको दुई प्रशिक्षकहरुको व्यवस्था भएको ।
- पर्याप्त खेल सामाग्री र खेल मैदान भएको
- डे केयरको समेत व्यवस्था भएको ।
- भुकम्प प्रतिरोधी भवन भएको ।
- श्रब्य दृष्यको माध्यमबाट अध्यापन गराइने ।
- शिक्षक तालिमको व्यवस्था भएको ।

आजै सम्पर्क राख्नुहोला ।



**प्रयास प्रि-स्कूल तथा तालिम केन्द्र**

भाजङ्गल चौतारी नजिकै, की.न.पा-१८, भाजङ्गल

सम्पर्क: ९८४१४७९९३७, ९८०८७५४९२१

Facebool: Prayash Montessori

E-mail: prayash2073@gmail.com

# संघीय समाजवादी फोरम नेपालका नाराहरू :

१) पहिचान र अधिकार सहितको सङ्घीयता देशको स्वाभिमान, समतामुलक समृद्धि र स्थानीय विकास हाम्रो अभियान।,

२) एक हातले समाएको मशालमा मतदान गरौं, सङ्घीय समाजवादी फोरम, नेपाललाई विजयी गराऔं।

३) स्थानीय तहको स्वायत्तता, ससफो नेपालको प्रतिवद्धता।

४) सङ्घीय समाजवाद हाम्रो सङ्कल्प, ससफो नेपाल राष्ट्रिय विकल्प।

५) सङ्घीयतामा पहिचान, स्थानीय तहमा स्वशासन, आर्थिक समृद्धि र विकाशका लागि मशालमा मतदान।

६) ससफो नेपालको चाहना, समृद्ध नेपालको स्थापना।

७) जनताको आह्वान, मशालमा मतदान, ससफोको जीत सबैको सम्मान।

८) विकृति, विसङ्गती र भ्रष्टाचार उन्मूलन, सुशासन, सदाचार र जनमुखी प्रशासन।

९) भौतिक पूर्वाधारको विकास, स्थानीय विकासको मूल आधार।

१०) स्थानीय विकाशमा दुरदृष्टि, ज्ञान, विज्ञान र समृद्धि।

११) जनताको स्वाभिमान, मशालमा मतदान।

१२) शिक्षा, स्वास्थ्य र रोजगार, जनताको मौलिक अधिकार।

१३) भोट हाम्रो भविश्य हो यसमा खेलवाड नगरौं, विकासको लहर ल्याउन ससफोलाई जिताऔं।

१४) अरूको हक खोसिन्न, आफ्नो हक छोडिन्न।

१५) मातृभाषामा शिक्षा जन्मसिद्ध अधिकार, मानव विकासको मूल आधार।

१६) हिमाल, पहाड, मधेश जोडिन्छ, नक्कली राष्ट्रवाद तोडिन्छ।

१७) मशाल चिन्हमा भोट हालौं, जनशक्ति प्रदर्शन गरौं।

१८) जातीय मुक्तिका लागि सङ्घीयता, वर्गीय मुक्तिका लागि समाजवाद, स्थानीय विकासका लागि ससफो नेपालको सरकार।

१९) देशैभरी विकासको नयाँ लहर ल्याउन, यसपटक ससफोलाई भोट हालौं न।

२०) युवा अघि लम्कन्छ, मशाल चिन्ह चम्कन्छ।

२१) सबैका लागि शिक्षा स्वास्थ्य, सबैका लागि न्याय निशाफ, स्थानीय स्वायत्त शासन, जनताको स्वशासित सरकार।

२२) महिला, पुरुष, यौनिक अल्पसङ्ख्यक सबैको समान अधिकार, सामाजिक सुरक्षा र कल्याणका लागि ससफोको स्थानीय सरकार।

२३) पहिचान सहितको सङ्घीयता र समतामुलक समृद्धिका लागि मशाल चिन्हमा मतदान गरौं, सङ्घीय समाजवादी फोरम, नेपाललाई अत्यधिक मतले विजयी गराऔं।

ससफो नेपाल जिन्दावाद ! जिन्दावाद ! जिन्दावाद !!




# बज्राचार्य सहयोग समिति गठन

काठमाण्डौं महागरपालिकामा संघीय समाजवादी र नयाँ शक्तिको समर्थनमा मशाल चिन्ह लिइ मेयर पदमा उम्मेदवार बन्नु भएका पवित्र बज्राचार्यलाई समर्थन गर्न र सहयोग गर्नका लागि जनस्तर वाट पवित्र बज्राचार्य सहयोग समिति गठन गरेको छ। मंगलवार जनस्तरवाट एक भेला आयोजन गरि सो समिति गठन गरको हो।

पार्टी होइन व्यक्ति चुनौ, अनुभावी, स्थानीयवासी सक्षम व्यक्तिलाई जिताऔं भन्ने नारा दिई सो समिति गठन गरेको हो। समितिको संयोजकमा मनोज नेवा: खडगीलाई चयन गरेको छ। त्यसैगरि सदस्यहरुमा हनुमानढोका तलेजु मुल पुजारी उद्धब कर्माचार्य, मोहन मानन्धर, मोहनबहादुर महर्जन, विजयरत्न बज्राचार्य, तेजरत्न ताम्रकार (ताम्रकार समाज अध्यक्ष), तण्डुकार समाज (अध्यक्ष मदन तण्डुकार), पवित्र कसा, शंकर दर्शनधारी, विगेन तुलाधार, सुरेश श्रेष्ठ, मनोहर श्रेष्ठ, दिगम्बर श्रेष्ठ रहका छन्।

पवित्र बज्राचार्यलाई जिताउनका लागि विभिन्न प्रचार त्मक कार्यक्रम गर्ने र आवश्यक सहयोग गर्नका लागि नै जनस्तर वाट पवित्र बज्राचार्य सहयोग समिति गठन गरेको संयोजक मनोज नेवा: खड्गीले बताउनु भएको छ। उहाँले बज्राचार्यलाई जिताउनु भनेको काठमाण्डौको मूल समस्या समाधान गर्नका लागि हो भन्दै जनस्तरवाट नै बज्राचार्यको समर्थनमा ब्यापक रुपमा पहलकदमि भइरहेको समेत दावी गर्नु भएको छ।

**लगानीको नयाँ क्षेत्र**

卐 सुनिश्चित भविष्यको लागि लगानी,

卐 तपाईको आफ्नो लागि लगानी

卐 तपाईको आफ्नै समयको लागि लगानी,

卐 तपाईको आफ्नो परियोजनाको लागि लगानी,

卐 सहकारी, संघसंस्था तथा लगानीकर्ताहरुका लागि लगानी ।

**Our Scope of Work**

- Financial Counselling
- Project Development
- Fund Management
- Venture Investment
- Start Ups
- Seminar, Workshop & Training

MUKTINATH INVESTMENT PVT. LTD. Estd: 2065 KATHMANDU

**MUKTINATH INVESTMENT PVT. LTD.**

Battisputali-9, Kathmandu, Nepal.(Head Office)

Phone No. 01-4485894 Mobile No: 9801078318

- Exchange Offer
- Online Shoping को लागि
  Playstore मा MN Shop App. को व्यस्था
- सम्पुर्ण सामानहरुमा वारेन्टी
- सस्तो, भरपर्दा र उत्कृष्ट ब्राण्डका सामानहरु



SAMSUNG ZTE
COLORS GIONEE Make Smiles
OPPO Camera Phone ZOPO SMARTPHONE
MEIZU HUAWEI LAVA

# Mobile Nikunja Pvt. Ltd.

## Head Office:

Kirtipur-17, Kathmandu ☎: 01-4333257
E-mail: mobilenikunj4333257@gmail.com

## Showroom:

Kirtipur-17, Kathmandu
Prayag Pokhari-12, Lalitpur
Kuleshwor-14, Kathmadu
Mahabauddha-5, Mobile House

# कीर्तिपुर नगरपालिका वडा नं. ८ का स्वतन्त्र वडाध्यक्ष उम्मेदवारहरुको प्रतिवद्धता पत्र




सरल र द्रुत प्रशासनिक सेवा, पर्याप्त पानी, स्वस्थ टोल, शिक्षित समाज, आर्थिक समृद्धि र भुकम्प सुरक्षित समुदायको निर्माण गर्ने ।

हाम्रा कार्ययोजनाहरू "पाँगा परि कल्पना"(*Vision Panga*) मा आधारित छन् । हामीले ५ बर्ष भित्रमा नतिजा देखाउन सकिने तथा समसामयिक मुद्दाहरूलाई हाम्रो उद्देश्य बनाएका छौं ।

बैशाख ३१ गते हुन गइरहेको स्थानीय तक निर्वाचनको क्रममा विगतको तुलनामा यसपालिको माहोल अलि फरक देखिएको छ । यसपालिको चुनावका लागि स्वतन्त्र रुपमा उठेकाहरुले पनि आफूहरु चुनावमा जित्ने दावी गर्दे आएका छन् । विशेष गरि विभिन्न राजनीतिक पार्टी नजिक रहेका र पार्टीको चुनाव चिन्ह लिई उम्मेदवारी बने एउटै पार्टीको मात्र उम्मेदवार हुने विश्लेष गरि स्वतन्त्र रुपमा पनि चुनाव उठेका छन् । त्यति मात्रै हैन स्वतन्त्र रुपमा उम्मेदवारी दिदा सबैको साझा उम्मेदवार बन्ने र सबै जनताले भोट दिने भएका कारणले आफूहरु प्यानल नै बनाई स्वतन्त्र रुपमा चुनावी मैदानमा उत्रेको कुरा कीर्तिपुर नगरपालिका वडा नं. ८ को वडाअध्यक्षमा उम्मेदारी दिनु भएका सुनिल कुमार महर्जनले बताउनु भएको छ ।

कीर्तिपुर नगरपालिका वडा नं. ८ मा वडाध्यक्ष र नगर समिति सदस्य (नसस) सहित ४ जनाको प्यानलनै बनाएर उठेका छन । उनीहरुले पनि एउटा राजनैतिक पार्टीलेझै आफ्नो वडामा गर्ने कामको प्रतिवद्धता पत्र समेत जारी गरिएको छ । उहाँहरुको प्रतिबद्धता यस्तो रहेको छ ।

**झन्झनमुक्त स्वच्छ प्रशासन**
**जनसेवामा हाम्रो समर्पण**

स्थानीय तहको चुनवका लागि कीर्तिपुर नगरपालिका वडा नं.८ का स्वतन्त्र उम्मेदवारहरुको परिचय

**स्वतन्त्र वडाध्यक्ष उम्मेदवार सुनिल कुमार महर्जन :** सुनिल कुमार महर्जन विगत दुई दशकदेखी समाजसेवाको क्षेत्रमा उल्लेखनिय योगदान पुऱ्याईरहनुभएका पात्र हुनुहुन्छ। २०७२ सालको भुकम्पको समयमा राहत संकलन र वितरण, अस्थाई बसोबास निर्माण र ब्यवस्थापनमा उहाँको सक्रिय भूमिका रहेको छ। उहाँले ग्रामीण विकासमा एम.ए गर्दै हुनुहुन्छ भने उहाँ एक दक्ष ओभरसियर पनि हुनुहुन्छ। उहाँ एक दक्ष उद्यमी रहनुभएको छ।

**महिला सदस्य उम्मेदवार नानी महर्जन :**

नानी महर्जन पनि वडा अध्यक्षसंगै विगत दुई दशकदेखी समाजसेवाको क्षेत्रमा हातेमालो गर्दै उल्लेखिय योगदान पुऱ्याईर हनुभएका पात्र हुनुहुन्छ। २०७२ सालको भुकम्पको समयमा उहाँको पनि उल्लख्य भूमिका रहेको छ। उहाँले समाजसास्त्रमा एम.ए गरि सके भने उहाँ एक दक्ष मनोपरामर्षदाता पनि हुनुहुन्छ । उहाँले टाटा ईन्स्तिच्यूट अफ सोसल साइन्स ईन्डियाबाट ६ महिने लामो मनोपरामर्षदाता तालिम लिनुभएको छ । उहाँ कीर्तिपुर महिला एकता बहुउद्देश्य सहकारी संस्था लिमिटेड स्थापनाका मुख्य पात्र हुनुहुन्छ भने आजकल उहाँ एक दक्ष स्वरोजगार ब्यक्तित्वको रूपमा रहुनभएको छ ।

**वडा सदस्य चन्दन महर्जन :**

चन्दन महर्जन पनि वडा अध्यक्षसंगै विगत दुई दशकदेखी समाजसेवाको क्षेत्रमा हातेमालो गर्दै उल्लेखिय योगदान पुऱ्याईर हनुभएका पात्र हुनुहुन्छ। २०७२ सालको भुकम्पको समयमा उहाँको पनि उल्लख्य भूमिका रहेको छ । उहाँले आई.ए पास गरिसकेका छन् । उहाँ एक दक्ष ब्यवसायिक ब्यक्तित्व हुनुहुन्छ।

**वडा सदस्य नरेन्द्र महर्जन :**

नरेन्द्र महर्जन पनि वडा अध्यक्षसंगै विगत दुई दशकदेखी समाजसेवाको क्षेत्रमा हातेमालो गर्दै उल्लेखिय योगदान पुऱ्याईर हनुभएका पात्र हुनुहुन्छ। २०७२ सालको भुकम्पको समयमा उहाँको पनि उल्लेख्य भूमिका रहेको छ । उहाँले आई.ए पास गरिसकेका छन् । उहाँ एक दक्ष प्राबिधिक ब्यक्तित्व हुनुहुन्छ।

उहाँहरुको प्रतिवद्धता :

समाजसेवाको दुई दसकको हाम्रो यात्रा सवै पाँगाबासीहरूलाई सर्वविदित नै छ ।

समाज विकासको यो सहयात्राको श्रेय हाम्रो समुदाय र युवा समुह बिचको सहकार्यमा नै जान्छ, जुन आजका दिनसम्म नमुनाको रूपमा प्रश्तुत हुँदै आएको छ । यसको ज्वलन्त उदाहरण ७२ सालमा गएको महाभूकम्प र हाम्रा क्रियाकलापहरूले पुष्ट्याउँछ। हाम्रो यो उर्जालाई अझ सशक्त ढंगबाट परिचालन गरी समाज उत्थानमा उल्लेखिय भूमिका खेल्न हामी स्थानिय सरकारमै पुग्नु पर्ने हामीले महशुस गरेका छौं ।

–सरल र द्रुत प्रशासनिक सेवा, पर्याप्त पानी, स्वस्थ टोल, शिक्षित समाज, आर्थिक समृद्धि र भुकम्प सुरक्षित समुदायको निर्माण गर्ने ।

–हाम्रा कार्ययोजनाहरू "पाँगा परिकल्पना"(*Vision Panga*) मा आधारित छन् । हामीले ५ बर्ष भित्रमा नतिजा देखाउन सकिने तथा समसामयिक मुद्दाहरूलाई हाम्रो उद्देश्य बनाएका छौं ।

–लालपूर्जा वितरणको लागि ताकेता र संघर्ष गर्ने ।

–भुकम्प पिडितहरूलाई स्थाई पुनर्वासको मुद्दा अघि बढाउने ।

–बसपार्कको सही ब्यवस्थापन र थप यातायात सुविधाको ब्यवस्था गर्ने ।

–भरपर्दो र सवैलाई पर्याप्त पानीको आपूर्तिका निम्ति हालको खानेपानी वितरण प्रणालीलाई बैज्ञानिक र उचित तवरले ब्यवस्थापन गर्ने । साथै पानीको थप स्रोतको ब्यवस्था मिलाउने । यसका लागि डिप बोरिङ वा आकासे पानीको संकलन गरी उचित वितरण प्रणालीको निर्माण गर्ने ।

–पाँगाका वित्तिय संस्थाहरूसंग समन्वय गरी व्यवसायिक सीपयुक्त कार्यक्रम संचालन गर्ने र उद्योग-व्यवसाय संचालन गर्न परामर्श दिने ।

–साना तथा घरेलु उद्योगको स्थापना र प्रवर्धन गर्ने ।

–व्यापारिक क्षेत्रको विकास र निर्माण गर्ने ।

–झन्झट मुक्त सरल तथा छिटो छरिटो प्रशासनिक सेवा प्रदान गर्ने ।

–नागरिकको हक हितका लागि आवश्यक सुचनाको प्रवाह गर्न सुचनाकेन्द्रहरूको स्थापन गर्ने ।

–भ्रष्टाचारमुक्त प्रशासनको ब्यवस्था गर्ने ।

–आधुनिक समुदायिक पुस्तकालयको थप विस्तार गर्ने ।

–ब्यवसायिक सीप तालिम केन्द्रको विकास र निर्माण गर्ने ।

–सामुदायिक विद्यालयहरूको गुणस्तर उत्थानमा टेवा पुर्याउने ।

–सामुदायिक रूपमा संचालित सुपथ र आधुनिक स्वास्थ केन्द्रहरू संचालन गर्ने ।

–फोहरमैलाको उचित ब्यवस्थापन गर्ने ।

–हाम्रो टोल सफा टोलको अवधारणालाई निरन्तरता दिने ।

–मानसिक स्वास्थ्यको उचित ब्यवस्थापन गर्ने ।

–आगलागीबाट हुनसक्ने क्षतिको न्यूनिकरणका लागि अग्नि नियन्त्रण प्रणालीको ब्यवस्था गर्ने ।

–भइपरी आउन सक्ने प्रकोपको लागि उद्धार तथा राहत भण्डारणको ब्यवस्था गर्ने ।

–भुकम्प पुर्व तयारी र सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने ।

–कबर्डहलको निर्माण गर्ने ।

–कुशल खेलाडीहरूको गुणस्तर बृद्धि गर्ने र उच्चस्तरमा खेल्नका लागि सहयोग गर्ने ।

–महिला हिंसा, घरेलु हिंसा र यौंन हिंसालाई निरूत्साहि पार्ने ।

–महिलामा उचित ब्यवसायिक सीपको बिकास गर्ने र सिकेका सीपको प्रवर्द्धन गरी व्यवसाय संचालन गर्न बजार ब्यवस्थापन गर्ने र आर्थिक रूपमा स्वतन्त्र हुन उत्प्रेरित गर्ने ।

–महिलाहरूलाई आफ्नो हक अधिकारका बारेमा बुझ्न महिला सुरक्षित केन्द्रको स्थापना गर्ने ।

–सामुदायिक wifi सेवा प्रदान गर्ने ।

–टोल तथा समाजको सुरक्षाको लागि विभिन्न स्थानमा अत्याधुनिक सुरक्षा प्रविधि (CC TV Security System) को ब्यवस्था गर्ने ।

–शारिरिक असक्तता भएका ब्यक्तिहरूको लागि विशेष सेवा र मद्दतको ब्यवस्था गर्ने ।

–जेष्ठ नागरिक केन्द्रलाई थप आर्थिक र प्राविधिक सेवा प्रदान गरी दिगो ब्यवस्थापनमा सहयोग गर्ने ।

–बृध्दभत्ता सरल र सुलभ तरिकाले वितरण गर्ने ब्यवस्था मिलाउने।

–हामीलाई समर्थन गर्न, उर्जा प्रदान गर्न तथा सदैव साथ दिन यही वडाका विभिन्न क्षेत्रका दिग्गज तथा अग्रजहरू हाम्रो साथमा छन् । उहाँहरूले हाम्रो हरेक पाईलामा साथ, आवश्यक सल्लाह सुझाव र सदाका लागि हामी संगसंगै हिंड्ने प्रतिबद्धता दिनुभएका छन् ।

हाम्रो टिममा राजनितिज्ञ, बैंकर, ईन्जिनियर, आर्किटेक, स्वास्थ्यकर्मी, सामाजसेवी, शिक्षाविद, शिक्षक, प्राबिधिक, उद्यमी, प्रशासक, मनोबिद, कलाकार, विकासात्मक संगठनका साथीहरू तथा सम्पूर्ण यूवा समुहको साथ रहेको छ ।


माओवादी केन्द्रको उपहार गाउँ नगरमा सिंहदरबार
उज्यालो नेपाल हाम्रो अभियान गोलाकार घेराभित्रको हँसिया हथौडामा अमूल्य मतदान ।।
नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)
कीर्तिपुर नगरपालिका, काठमाडौं ।
चुनाव चिन्ह
नगरपालिका चुनावका लागि जारी
हाम्रो प्रतिवद्धता ।
मेयर उम्मेद्वार
क. हिराबहादुर महर्जन
चुनाव चिन्ह
उप-मेयर उम्मेद्वार
क. शुशिला बस्नेत
वडा नं. ९ वडा अध्यक्ष उम्मेद्वार
क. दिल ब. महर्जन
वडा नं. ९ महिला सदस्य उम्मेद्वार
क. महेश्वरी महर्जन
वडा नं. ९ दलित महिला सदस्य उम्मेद्वार
क. पञ्चमाया नेपाली
वडा नं. ९ सदस्य खुल्ला उम्मेद्वार
क. नरेश महर्जन
वडा नं. ९ सदस्य खुल्ला उम्मेद्वार
क. रवि देउला

# की.न.पा.का उपमेयर पदका नयाँ शक्ति पार्टी नेपालका उम्मेदवार



## शुभलक्ष्मी शाक्य (सुनिता) संगको भलाकुसारी



**(कीर्तिपुर नगरपालिकाको लागि उप-मेयर पदका चर्चित उम्मेदवार शुभलक्ष्मी शाक्य (सुनीता) महिला, बालबालिका तथा लक्षितबर्गको लागि कीर्तिपुर नगरपालिकाको महिला नगर समन्वय समितिको उपाध्यक्षको जिम्मेवारीमा रहेर महिलाहरुको शिप विकास, बजार व्यवस्थापन तथा महिला सशक्तिकणको अभियानामा सबै कीर्तिपुर नगरवासीहरु बीच परिचित व्यक्तित्व हुनुहुन्छ । जलविनायक सामुदायिक बन उपभोक्ता समुहको सचिव पदमा रहि चोभार क्षेत्रको पर्यटन विकास मात्रै होईन करोडौं करोड बुद्ध धर्मको अनुयायीहरुको गन्तव्य स्थलबनाई अन्तराष्ट्रिूय जगतमा कीर्तिपुरलाई चिनाउने हेतुले विश्वकै अग्लो महामञ्जुश्रीको प्रतिमा निर्माण गर्ने कार्यको नेतृत्व पनि गरिराख्नु भएको छ । त्यस्तै कीर्तिपुरमा रहेका ८० भन्दा बढि महिला समुहहरु आवद्ध कीर्तिपुर महिला सञ्जालको अध्यक्षभई विगत १८ बर्षदेखि लगातार समाज सेवामा समर्पित महिला सशक्तिकरणका अभियन्ता पनि हुनुहुन्छ । काठमाण्डौं जिल्लाको दक्षिण पश्चिम भेगकै जेष्ठ सहकारी संस्था, प्रगतिशिल बचत तथा ऋण सहकारी संस्था लि.को संस्थापक अध्यक्षभई जिम्मेवारी सम्हाल्नु भएका उहाँ राजनिति र समाज सेवामा कहिल्यै नथाक्ने सुनीता शाक्यसँग कीर्तिपुर सन्देशको कुराकानी । (सम्पादक )**

***तपाईको उम्मेदवारी किन ?***

–नगरपालिकामा विद्यमान खानेपानी, सडक, ढल, फोहोर मैला व्यवस्थापन लगायतका समस्या हल गर्न, नगरपालिकाका महिला, दलित, युवा, जेष्ठ नागरिक, शारीरिक तथा बौद्धिक अपांगता भएका व्यक्तिहरुको हक अधिकार सुनिश्चित गर्न, नगर पालिका भित्र व्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती रोकी सुशासन कायम गर्न नगरपालिकाको उम्मेदवारी दिएको छु ।

***चुनावी प्रचार प्रसारमा कत्तिको खटिनु भएको छ, नी ?***

–कीर्तिपुर यति ठुलो ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको धनी भईकन पनि किन विकास हुन सकेन यसबारे कीर्तिपुरवासीसँग अन्तर्क्रिया गर्दै कीर्तिपुरलाई समृद्ध कीर्तिपुरको रुपमा विकास गर्ने नयाँशक्तिको योजनाका बारेमा जानकारी गराउँदै जनताको घर दैलोमा गई स्थानीय तहको चुनावमा नयाँविचार, योजना भएका सक्षम, ईमान्दार तथा दुरदर्शी नेतृत्वलाई भोट दिन आव्हान गर्दै अन्तर्क्रिया, बैठक, घरदैलो जस्ता कार्यक्रमहरुमा व्यस्त छु। पुरानाबाट केहि भएन अव नयाँलाई रोज्न अपिल गर्दै जनताको घर घरमा चुनावी प्रचार प्रसार गर्दैछु ।

**तपाई प्रचण्डलाई जिताउन २०६४ सालमा पनि निकै खटिनु भएको थियो । अहिले पनि उत्तिकै खटिनु भएको छ । पहिले र अहिलेको चुनावमा के भिन्नता र समानता पाउनु भयो ?**

–आज म उप-मेयरको उम्मेदवारी दिएर जनताको घर दैलोमा भोट माग्दै गर्दा मलाई २०६४ सालको संबिधान सभाको चुनावको झलझल्ती याद आईरहेको छ। त्यस बेला नेपालमा गणतन्त्र, पहिचान सहितको संघीयता, धर्म निरपेक्षता, राज्यका हरेक अंगमा समानुपातिक समावेशी प्रतिनिधित्वको राजनैतिक एजेण्डा संबिधानमा संस्थागत गर्न जनयुद्धका नायक प्रचण्डलाई विजय गराउन ८(आठ) महिने बालक पेटमा बोकीबोकी घरदैलो गरेको थिएँ। तर आज म आफै यो कीर्तिपुरको समग्र परिवर्तनको लागि सह(नेतृत्वगर्न २२ महिने दुधे बालकलाई छोडेर चुनावी मैदानमा उत्रिएकी छु ।

यी सबै कीर्तिपुरका हरेक आमा, बुवा, दाजु भाई दिदी बहिनीहरुमा जगजाहेर छ । समानता के छ भने २०६४ सालमा पनि म नयाँ पार्टीको रुपमा कीर्तिपुरको नेतृत्व गरेकी थिएँ आज २०७४ सालको स्थानीयतहको चुनावमा पनि नयाँ पार्टी (नयाँशक्ति) को रुपमाचुनावी मैदानमा नेतृत्वको गरि राखेकी छु ।

***तपाईलाई नै कीर्तिपुरका मतदाताले रोज्ने आधार के त ?***

म परिवर्तनको लागि भएको हरेक आन्दोलनमा सक्रिय भएकी छु। मैले जनताको अधिकार प्राप्तीको आन्दोलन र संघर्षमा होमिदा कहिल्यै मेरो व्यक्तिगत जीवन र पारिवारिक जीवनलाई प्राथमिकतामा राखिन । नेपाली जनताको भाग्य र भविष्यसँग जोडिएको संविधान सभाको चुनाव र त्यस पछिका दिनहरुमा पनि मैले पेटको बच्चा भनिन, अहिले पनि भर्खर को दुधे बालक नभनि म कीर्तिपुरको विकास, निर्माण लगायत महिला लक्षित कार्यक्रमहरुमा स्वस्फुर्त रुपमा निरन्तर लागि रहेकी छु। मैलै समाज सेवा कै निमित्त जीवन समर्पण गर्ने उदेश्यका साथ स्वास्थ्य सेवा कार्य छोडेर राजनितीमा होमीएको व्यक्ति हुँ । र ाजनीतीमात्र होईन विकासको क्षेत्रमा पनि निरन्तर खटिरहेकी छु । कीर्तिपुरलाई अन्तराष्ट्रिूय जगतमै परिचय दिलाउन जनताको सहभागितामा विश्व कै अग्लो महामञ्जुश्रीको प्रतिमा निर्माण कार्य गर्ने देखी जनतालाई आर्थिक विकासमा सहभागी गराउँन कीर्तिपुर थानकोट भेगकै पहिलो सहकारी संस्थाको संस्थापक अध्यक्षको अनुभव देखि कीर्तिपुरका ८० महिला समुहको साझा संगठन कीर्तिपुर महिला सञ्जालको अध्यक्षको रुपमा जिम्मेवारी लिई निरन्तर रुपमा समाज सेवामा तल्लीन व्यक्ति भएको हुँदा कीर्तिपुरका सचेत मतदाताले मसाल चिन्ह मै छाप लगाई मलाई राज्ने विश्वास लिएकी छु ।

**अन्तमा कीर्तिपुरका मतदाहरुलाई केहि भन्नु हुन्छ की ?**

कीर्तिपुरको विद्यमान समस्याको समाधान वर्तमान पुराना नेतृत्वबाट सम्भव छैन । हामी कीर्तिपुर नगर पालिकामा भ्रष्टाचार हुन दिने छैनौं, ढिलासुस्ती हुनदिने छैनौ, हामी जनतालाई आफ्नै घरमा नगर पालिकाको सेवा पुऱ्याउने छौं । यसै सन्दर्भमा हामी १ बर्ष भित्र आधार भुत समस्याको हलगर्दै पाँचबर्ष भित्र स्मार्ट कीर्तिपुर नगरपालिका बनाउने भिजनका साथ आएका छौं ।

कीर्तिपुर नगरपालिकाको लागि सक्षम, ईमान्दार तथा सहि नेतृत्व चुन्ने वागलत मान्छेलाई चुन्ने भन्ने फैसला गर्ने जिम्मा कीर्तिपुरका मतदाताहरुको हातमा छ । कीर्तिपुरको विकास र समृद्धिको मुख्य लक्ष बोकेर चुनाबमा उत्रेको नयाँशक्ति पार्टी र संघीय समाजवादी पार्टीको संयुक्त उम्मेदवार म शुभलक्ष्मी शाक्य (सुनीता) लगायत मेयर, वडाध्यक्ष, तथा सदस्यहरुको समुहलाई मसाल चिन्हमा छाप लगाई तपाईहरुको सेवा गर्ने अवसर प्रदान गरिदिनु हुनेछ भन्ने विश्वास लिएकी छु। न्याय र स्वतन्त्रताको पक्षमा सधैं उभिने कीर्तिपुरका जनताले न्याय गर्नेमा ढुक्क छु ।



# गाउँ र नगरका पदाधिकारीको तलब तोकियो

काठमाडौं। स्थानीय तहका प्रमुख, उपप्रमुख र वडाध्यक्षले मासिक तलब पाउने भएका छन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको स्थानीय तहका पदाधिकारीको सेवा-सुविधा सम्बन्धी ऐनको मस्यौदामा मासिक तलबको व्यवस्था गरिएको छ । ऐनको मस्यौदा संसद्बाट पारित भएपछि कार्यान्वयनमा आउनेछ । तर, अहिले स्थानीय विकासमन्त्री नभएका कारण ऐनको मस्यौदा संसदमा पुग्न सकेको छैन ।

मन्त्रालयका सचिव दिनेश थपलियाका अनुसार दैनिक रूपमा कार्यालय आएर सेवा प्रदान गर्नुपर्ने पदाधिकारीलाई न्यूनतम सेवा-सुविधा दिने व्यवस्था गर्न लागिएको हो । त्यसरी सेवा-सुविधा पाउनेमा भने महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिका प्रमुख, उप्रमुख र वडाध्यक्षहरू पर्नेछन् ।

मन्त्रालयले तयार गरेको मस्यौदाअनुसार एक वर्षमा स्थानीय तहका पदाधिकारीको तलब बापत करिब एक अर्ब नौ करोड रुपैयाँ खर्च हुनेछ ।

**क-कसले पाउँछन् तलब**

मस्यौदामा दैनिक कार्यालय जानुपर्ने जननिर्वाचित प्रतिनिधिलाई मासिक तलब दिनुपर्ने व्यवस्था गर्न लागिएको हो । तर, दैनिक काममा आउनुपर्नेलाई भने बैठक भत्ता मात्रै दिइनेछ। मस्यौदाअनुसार दैनिक काममा आउनुपर्नेमा महानगर, उपमहानगर, नगर पालिकाका प्रमुख, उपप्रमुख र वडाध्यक्ष, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरूले मासिक पारिश्रमिक पाउनेछन्। त्यसरी हेर्दा स्थानीय तहमा निर्वाचित सदस्यहरूले भने बैठक भत्ता मात्रै पाउनेछन्।

कति निर्वाचित हुन्छन् ?

७ सय ४४ वटा स्थानीय तहमा ३६ हजार ६ सय ३९ जनप्रतिनिधि निर्वाचित हुनेछन् । आयोगका अनुसार चार महानगरपालिका, १३ उपमहानगरपालिका र २ सय ४६ नगरपालिकाका लागि २ सय ६३ जना प्रमुख र उपप्रमुख गरी ७ सय २६ जना निर्वाचित हुनेछन्। त्यसैगरी, ४ सय ८१ गाउँपालिकाबाट अध्यक्ष र उपाध्यक्ष गरी ९ सय ६२ जना निर्वाचित हुनेछन् । महानगर, उपमहानगर, नगर र गाउँपालिकाका जम्मा ६ हजार ६ सय ८० वडाबाट त्यतिकै संख्यामा वडाअध्यक्ष निर्वाचित हुनेछन्। देशभरबाट २६ हजार ७ सय २० वडा सदस्य निर्वाचित हुनेछन्।

**बैठक भत्ता एक हजार**

स्थानीय तहमा निर्वाचित वडा सदस्यहरूका लागि हजार रुपैयाँ बैठक भत्ता प्रस्तावित गरिएको छ । स्थानीय तहका पदाधिकारीको सेवा सुविधा कसम्बन्धी ऐनको मस्यौदाअनुसार बैठकमा उपस्थित हुँदा एकपटकको हजार रुपैयाँ पाउनेछन् । तर, मासिक पारिश्रमिक लिने प्रमुख, उपप्रमुख र वडाध्यक्षले भने बैठक भत्ता पाउँदैनन्। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्रोतले दिएको जानकारीअनुसार महिनामा बढीमा तीनवटा बैठक बस्न पाउनेछ, तर एउटा बैठक अनिवार्य रूपमा बस्नुपर्नेछ। - एजेन्सी









# मुलुक चुनावमा होमिँदै



राजनैतिक भौतिक सुबिधा पाउने आत्मा दुबिधा गर्ने केरमेरको संस्थान हो । केरमेर को चित्र बुझ्न र थम्याउन नसक्ने , मर्ने र मार्ने बाँच्नेले पश्चाताप गर्नु पर्ने एउटा कार खाना हो। यो संस्थानका मालिक राष्ट्का प्रमुख व्यक्ति हुने गर्दछ ।

यस संस्थानमा मालिक हुन होडबाजी गर्ने गर्दछ . ठुला व्यापारी देखि उद्योग पती सम्म मुर्ख देखि बुद्धिजिवी सम्म राजनीति मैदानमा उत्रेका छन । जनतालाई राजनीति फोहरको डंगुरझै लागिरहेछ । जतीसुकै गन्ध भए पनि त्यो हेर्नै पर्नै बाँच्नलाई सास फेर्नै पर्ने सास फेरेपछि डंगुरको गन्ध सहनै पर्ने ।

जसरी बिद्युतले जसरी हिटर, फ्रिज कंप्युटर टेलिभीजन चलाउने शक्ति छ, राष्ट्र चलाउनलाई राजनीतिमा अनेक शक्ति छ ।

राजनीति दलको सकृयतामा सञ्चालन हुन्छ । राजनीति कुनीति भएता पनि शक्तिको मोहले पिरती हुन थाल्छ। जहाँ शक्ति त्यहाँ भक्ति हुन्छ। राजनीति फोहर पोखरी भएर पनि त्यसमा पौडिन मानिस हिचकिचाउदैन आजका राजनीति गोठाला बिनाको गाईवस्तुले वाली नाली बिगारे जस्तै दलहरुमा प्रतिनीधित्व गर्न नसक्दा देश बिग्रँदै गएको छ। शेरबहादुर देउवाको धर्मपत्नी आरजु देउवालाई , आशा लामाले राजदुत नियुक्तको लागि ३ करोड दिएको आक्षेप लगाईन यसमा आरजु देउवाले होईन भनि स्पष्टीकरण दिन सक्नु पर्छ। हो भने आरजु देउवालाई कारवाही गर्नु पर्छ ।

सबिधान भन्दा माथि कोहि छैन, कानुनी कारवाहीमा सानोलाई ऐन ठुलालाई चैन भएकोले नेपालको कानुन दैवले जानुन भनी भन्नु परेका छन । नेपाली राजनीतिमा विवेकशील र संवेदनशील नहुनाले चुनावको मुखमा प्रधाना न्यायाधीश सुसीला कार्कीलाई महाभियोग गृहमन्त्रिले राजिनामा दिनु पत्रकारलाई समाचार बनाउने एउटा हास्यखेल हुनपुगेका छ धारा १०१ उप धारा २ वमोजिमको महाभियोग लगाउदा गठन हुने ११ सदस्य मध्ये ३ जनाले प्रमाणीत गरी सिफरिस गरे ।

महाभियोग छलफल हुने भएकोले महाभियोग लान्छाना वारंवार दोहोरीन सक्छन। अमेरि काको राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी निर्देशन केहि जिल्ला अदालतले दिदा पनि राजीनामा दिनु परेका थिएन। महाभियोगले चुनावी मुखमा चुनावी वातावर णमा नकरात्मक असर परेको छ । स्थानिय निकायमा जन निर्वाचित प्रतिनिधिलाई प्रयाप्त सुबिधा र अधिकार दिनाले दलहरुमा टिकट लिन होडबाजी भएको देखिन्छ। दलहरुबाट निकै कष्टकरले भए पनि जनप्रतिनीधि मनोनयन गरीसकेका छन । प्रतीनीधिले पनि आफनो स्वार्थ र पार्टीबाट माथि उठी सबैलाई आफनो थानी आफुनै सबैको हु भनि अनि सेवैसेवामा जीवन बिताउछु भनि भावना राख्नुपर्छ।सरकारले कार्यशक्ति बाधीदिएका महानगरमा नगर प्रमुखलाई तलब रु ६०,०००/ उप प्रमुखलाई ५०,०००/ वडा अध्यक्षलाई ३०,०००/ त्यस्तै उपमहानगर पालिकामा प्रमुखलाई ४५,०००/ उपप्रमुखलाई ४०,०००/ वडा अध्यक्ष २५,०००/ नगर पालिकामा प्रमुखलाई ३०,०००/ उप प्रमुखलाई २५,०००/वडा अध्यक्षलाई रु २०,०००/ गाँउ पालिका प्रमुखलाई २५,०००/ उप प्रमुखलाई २०,०००/ सुबिधा दिएको छ । यो निर्वाचनमा ४० लाख ५६ हजार ९सय २५ मतदाताले आफनो मताधिकार प्रयोग गर्नेछन । यसपालीको चुनावमा स्वतन्त्र उमेदवार नयाँ दलहरुलाई बैशाख २२ गते चुनाव चिन्ह दिइ बैशाख ३१ गते चुनाव हुने हुँदाँ चुनाव प्रचारप्रसार गर्ने अवधि निकै कम भएको छ। अब मुलक निर्वाचनमा होमीसकेको छ। राजनैतिक दल चुनाव प्रचार प्रशारमा लागिसकेका छन । जनादेशका आधारमा निर्वाचित प्रतिनीधिले शाशन भार गर्नेछन ।


## सुगर निको पार्ने




तपाईलाई सुगर रोगले छोएको छ ? चिन्ता लिनु पर्दैन । जडिबुटीबाट बनेको Tested डाइबाकोन र याकोन सिरप मिसाएर खानुहोस । तपाईको सुगर १००% नियन्त्रणमा आउँछ । एलोपेथिक दवाई खानु पर्दैन। काम पक्का गर्छ। काम नगरेमा पैसा फिर्ता गरि ने छ । साथै सुगर रोग भएकालाई हुने यौन पावर बढाउने 24 HORMOTEX पनि पाइन्छ ।

विस्तृत जानकारीको लागि

**फिटनेस प्वाइन्ट ट्रेडिङ्ग**

दुर संचारको गेटसँगै, कीर्तिपुर, बाहिरीगाउँ

फोन नं. ०१४३३६७०१, ९८०३५०२२५९

Health Consultanat - Rajendra Amatya









# बैशाख ३१ गते चुनाव हुने २८३ स्थानीय तहमा कति उम्मेदवार ?

बैशाख ३१ गते पहिलो चरणमा हुने स्थानीय तह निर्वाचनका लागि प्रदेश नम्बर ३,४ र ६ का ३४ जिल्लाका २८३ स्थानीय तहमा जम्मा ४९ हजार ३३७ उम्मेदवार रहेको निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आयोगका प्रवक्ता सूर्यप्रसाद शर्माले निर्वाचनमा वैशाख १९ गते उम्मेदवारी दर्ता गराई बैशाख २२ गते उम्मेदवारी फिर्ता लिएपछि उम्मेदवारको संख्या ४९ हजार ३३७ कायम भएको जानकारी गराए। जस अनुसार पुरुषको संख्या ३० हजार ५ र महिलाको संख्या १९ हजार ३३२ कायम भएको छ। प्रतिशतको हिसाबले जम्मा उम्मेदवारमध्ये पुरुष ६०.८२ प्रतिशत र महिला ३९.१८४ प्रतिशत रहेका छन्।

नगरप्रमुख तथा अध्यक्षमा पुरुष ९१.६५ प्रतिशत (१७२३) र महिला ८.३५ प्रतिशत (१५७), नगरउपप्रमुख तथा उपाध्यक्षमा पुरुष १८.५७ प्रतिशत (२५७), महिला ८१.४३ प्रतिशत (११२७) वडाध्यक्षमा पुरुष ९५.८३ प्रतिशत (१०२९६) महिला ४.१७ प्रतिशत (४४८) जना रहेका छन्। यसैगरी, वडा सदस्य २ जनाका लागि पुरुष ९४.७१ प्रतिशत (१७७२९) महिला ५.२९ प्रतिशत ( ९५१), महिला वडा सदस्य ९०८३, दलित महिला वडा सदस्यमा ७५२६ जनाको उम्मेदवारी कायम रहेको शर्माले बताए।

स्थानीय तह निर्वाचन ऐन २०७३ अनुसार राजनीतिक दलहरुले उम्मेदवारी मनोनयन गराउँदा नगरप्रमुख वा अध्यक्ष, उपप्रमुख वा उपाध्यक्ष मध्ये ५० प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गरेको छ। त्यस्तै, वडा सदस्य पदका लागि ४० प्रतिशत महिला उम्मेदवार हुनैपर्ने व्यवस्था गरेको छ।









# कीर्तिपुर नगरपालिकामा नेपाली कांग्रेसको तर्फबाट उपमेयरको उम्मेदवार विमला (श्रेष्ठ) विष्टको संक्षिप्त परिचय र उहाँको अपील



व्यक्तिगत विवरण

नामः बिमला (श्रेष्ठ) बिष्ट

ठेगानाः कीर्तिपुर-४, दुधपोखरी

श्रीमान स्व.ध्रुबबहादुर विष्ट

विवाहः २०३८ साल

सन्तानः ३ छोरा

पतिको देहावसान:: २०६१ साल

**राजनैतिक संलग्नता :**

१. २०४५ साल–नेपाली कांगेसको सदस्यता

२. २०४६ साल- जन-आन्दोलनमा सक्रिय सहभागिता

३. २०५४ साल- स्थानीय निकायको निर्वाचनमा तत्कालिन कीर्तिपुर वार्ड न ७ को नेपाली कांग्रेसको तर्फबाट महिला नगर समिति सदस्यमा निर्वाचित

४. २०६२/२०६३ सालको जनआन्दोलनमा महिलाहरुको नेतृत्वदायी भूमिका निभाउनु भएको,

५. २०६७ साल- नेपाली कांग्रेस पार्टीको क्षेत्रीय प्रतिनिधि काठमाडौं क्षेत्र नं.१०- १२ औ महाधिबेसनमा,

६. २०७२ साल- नेपाली कांग्रेस क्षेत्रीय प्रतिनिधि काठमाडौं क्षेत्र-१० १३ औ महाधिबेसनमा

७. २०७३ साल-सभापति, नेपाल महिला संघ-काठमाडौं क्षेत्र नं-१०

**सामाजिक काममा संलग्नताः**

१.विभिन्न महिला समूहमा नेतृत्वदायी भूमिका लिई महिलाहरुको बृत्ति बिकासमा सक्रिय रुपमा संलग्न

२. बाघभैरब मन्दिर ब्यबस्थापन समिति सदस्य तत्कालिन वडा नं.७

३. धार्मिक तथा भजन समूहको सदस्य

४.गरिब तथा असहाय बाल बालिकाको शिक्षाको लागि सहयोग गर्दै आउनु भएको,

५.एकल महिलाहरुको हक, हित र बृत्ति बिकासमा निरन्तर संलग्न रहँदै आउनु भएको,

६. महिलाहरुलाई उद्यमी बनाई स्वनिर्भर बनाउन निरन्तर सक्रियताका साथ लागिरहनु भएको।

**उहाँ भन्नुहुन्छ –**

जीबन संघर्ष र अवसर दुईटै हो। यो मैले मात्र हैन यहाँहरुले पनि पक्कै अनुभूति गर्नु भएको होला। मैले मेरो सामाजिक र राजनैतिक जीवनमा कैयौ संघर्षका पलहरु बिताएँ। २०४६ सालको जन आन्दोलन देखि मेरो सहभागिता निरन्तर अहिले सम्म रह्यो। २०५४ सालमा कीर्तिपुरको स्थानीय निर्वाचनमा वडा नं.७ बाट नेपाली कांग्रेसको तर्फबाट महिला नगर सदस्य निर्वाचित भएँ। त्यति बेला मैले कल्पना पनि गरेको थिइन् कि म एक दिन सङ्घीय लोकतान्त्रिक गणतन्त्र मुलुकको स्थानीय तह निर्वाचनमा उप-मेयरको उम्मेदवार हुन्छु भन्ने, त्यसैले म भन्न चाहन्छु जीबन ठुलो अवसर पनि हो।

मेरो अन्तरजातीय बिवाह हो। म श्रेष्ठको छोरी हुँ। मेरो पुर्खौली माइतीघर कीर्तिपुरको खासी बजार हो। जहाँ अहिले पनि चाडपर्वमा र सुख दुःखमा म जाने गर्दछु। मैले दुईटै संस्कारलाई राम्रोसंग बुझ्केकी छु। आज भन्दा ३५ बर्ष अगाडीको त्यो बिबाह आफैमा एउटा सामाजिक क्रान्ति थियो। तर मैले क्रान्ति गर्नको लागि त्यो निर्णय लिएको थिइन।

मैले आफ्नो मनलाई सफल बनाउने साहस र अठोट मात्र बटुलेको थिएँ। आफ्नो विचार र मनलाई अठोटका साथ पछ्याउँदा नै क्रान्ति हुने रहेछ ।

हाम्रो पुस्ताले पर्याप्त अवसर हरु पाएनन्। पाएको भए यो पुस्तामा पनि क्षमताको कमि थिएन। तर आज हामि खुसि छौ, हाम्रा छोरा, छोरी र बुहारीहरु शिक्षित छन्, क्षमतावान छन्। नयाँ पुस्तालाई भन्न चाहन्छु, म तपाईहरुकै आमा जस्तै एक साधारण महिला हुँ, मेरो सफलता र असफलतामा तपाईहरुको आमाहरुको सफलता र असफलतासंग पनि जोडिएको छ।

जीबन फेरी संघर्षको मोडमा गयो। म ३८ वर्षको हुँदै २०६१ सालमा मेरो श्रीमानको देहवसान भयो। म एकल महिला भएँ। आफ्नो मूल्य, मान्यता, संस्कार र अनुशासन मैले सधै अबलम्बन गरें र मेरो ३ वटा छोरामा, २ जना इन्जिनियर छन्, एक जना इन्जिनियरिंगमै PHD गर्दै छन्। म एकल महिला भए पनि मैले मेरो सन्तानको शिक्षामा कुनै कमि राखिन।

आफुले आफैलाई न्याय गर्न सक्य जस्तो लाग्छ। त्यसैले म हरेक अन्यायको बिरुद्ध लड्न सक्छु। म यहाँहरुको हक र हितको लागि लड्न सक्छु। म कीर्तिपुर वासीको बिकाश निमार्ण र सम्बृद्धको अपेक्षा पुरा गर्नको लागि नेतृत्व लिन सक्छु।

समाज जस्तो छ, जनताहरु जस्ता छन, नेतृत्व पनि त्यहि बीच बाट आउने हो। त्यसैले म यहाँहरुजस्तै छु, यहाँहरु जस्तै र हनेछु र यहाँहरुकै लागि काम गर्ने छु।

अन्त्यमा, रुख चिन्हमा मतदान गरि नेपाली काँग्रेसका उमेद्वारहरुलाई बिजयी गराईदिनु हुन बिनम्र अनुरोध गर्दै बिदा हुन चाहन्छु।

धन्यबाद्।

जय नेपाल।

> जीबन संघर्ष र अवसर दुईटै हो। यो मैले मात्र हैन यहाँहरुले पनि पक्कै अनुभूति गर्नु भएको होला। मैले मेरो सामाजिक र राजनैतिक जीवनमा कैयौ संघर्षका पलहरु बिताएँ। २०४६ सालको जन आन्दोलन देखि मेरो सहभागिता निरन्तर अहिले सम्म रह्यो।




हाम्रो नेतृत्वमा भोलिको कीर्तिपुर
नेपाली कांग्रेस
हाम्रो सम्पदा, पर्यटनको आधार
❑ ऐतिहासिक, सांस्कृतिक सम्पदा संरक्षण
❑ नयाँ निर्माण
❑ गुठी तथा जात्रा संरक्षण तथा प्रवर्धन
❑ पदयात्रा मार्ग बिकास, प्राकृतिक पर्यटन प्रवर्धन
उद्यमशील हामी
❑ व्यवहारिक शिक्षा, उद्यमशीलताको बिकास
❑ काठमाडौं आउने पर्यटकलाई कम्तिमा एक दिन कीर्तिपुरमा बिताउने आधार तय गर्ने
❑ उद्यमी महिला
चुनाव चिन्ह
रुख
राजकुमार नकर्मी
मेयर को उम्मेदवार
बिमला बिष्ट
उपमेयर को उम्मेदवार


हाम्रो नेतृत्वमा भोलिको कीर्तिपुर
नेपाली कांग्रेस
सार्वजनिक यातायात मेरो सवारी साधन
❑ निश्चित समयतालिका, निश्चित स्टप
❑ ठुला बस, स्मार्ट कार्ड
❑ अन्य नगरपालिकासंगको समन्वयमा मेट्रो सिटी यातायात
हाम्रो संस्कृति सफा शहर, पर्याप्त खानेपानी
❑ फोहरको बर्गिकरण र व्यवस्थापन, व्यवस्थित ढल निकास
❑ धुवा धुलो र प्रदूषण मुक्त शहर
❑ स्थानिय स्रोत व्यवस्थापन, पुरातात्विक ढुङ्गे धारा तथा पोखरी संरक्षण, मेलम्ची आयोजनाबाट थप खानेपनी
❑ सबै घरमा धारा पर्याप्त पानी
चुनाव चिन्ह
रुख
राजकुमार नकर्मी
मेयर को उम्मेदवार
बिमला बिष्ट
उपमेयर को उम्मेदवार


हाम्रो नेतृत्वमा भोलिको कीर्तिपुर
नेपाली कांग्रेस
चुनाव चिन्ह
रुख
सुरक्षित सडक
फूट्पाथ, ट्राफिक चिन्ह, सडक बत्ती
ढल, साइकल ट्र्याक तथा अन्य पूर्वाधार सहितको सडक
नयाँ आवसिय क्षेत्रमा कम्तिमा २५ प्रतिशत सडक तथा खुल्ला स्थान
व्यवस्थित बस्ती
आवास क्षेत्र बिकास
परम्परागत शैलिमा निर्माण हुने घरलाई बिशेष व्यवस्था
बिपत व्यवस्थापन पुर्वतयारी
खुला क्षेत्र पार्क तथा खेलमैदन निर्माण
ज्येष्ठ नागरिकहरुकोलागि जीवन को मर्यादित उत्तरार्ध
राजकुमार नकर्मी
मेयर को उम्मेदवार
बिमला बिष्ट
उपमेयर को उम्मेदवार


हाम्रो नेतृत्वमा भोलिको कीर्तिपुर
नेपाली कांग्रेस
चुनाव चिन्ह
रुख
सचेत नागरिक जिम्मेवार स्थानिय सरकार
एकीकृत तथा झन्झटमुक्त सेवा
पहिल्यै समय लिने, समयमै सेवा दिने
पारदर्शी तथा उत्तरदायि सरकार
नैतीक शिक्षा, सुसंस्कृत समाज
बिद्यालयमा नैतीक शिक्षा
व्यवहारिक तथा प्राविधिक शिक्षा, आत्म निर्भरताका आधार
सबल सरकारी बिद्यालय सस्तो र गुणस्तरीय शिक्षा
स्वस्थ नागरिक खुशी नागरिक
सस्तो सुलभ गुणस्तरीय स्वास्थ्य सेवा, सबैको पहुच
राजकुमार नकर्मी
मेयर को उम्मेदवार
बिमला बिष्ट
उपमेयर को उम्मेदवार

# हाम्रो कीर्तिपुर हाम्रो प्रतिबद्धता

हामी मित्र 'म'

सबै अट्ने देश - सबैलाई जोड्ने कांग्रेस

व्यबस्थित बिकास

सुशासन र प्रभाबकारी स्थानिय सरकार

आर्थिक समृद्धि

सामाजिक सुरक्षा समतामुलक समाज

खुशी नागरिक समृद्ध समाज

नेपाली कांग्रेस



राजकुमार नकर्मी

मेयर को उम्मेदवार



बिमला बिष्ट

उपमेयर को उम्मेदवार

## आजको कीर्तिपुर

नेपाली कांग्रेस

क्षेत्रफल : १५ वर्ग किमी

### जनसंख्या

- स्थायी : ६५,६०२
- घरधुरी : १९,४४१

### सडक

- जम्मा : ७२ कि.मी
- कालो पत्रे : ३१.४० कि.मी.
- ढल : १६.४० कि.मी

चुनाव चिन्ह

रुख

### खानेपानी

- नीजी धारा : ४३७०

(जम्मा २२ प्रतिशत घरधुरीमा)

### शिक्षा

- साक्षरता : ८० प्रतिशत
- माध्यमिक विद्यालय : २८

### स्वास्थ्य

- अस्पताल : १
- उपस्वास्थ्य चौकी : ८
- नीजि क्लिनिक : ३०

### सरसफाई

- दैनिक फोहर उत्पादन : १६ टन
- संकलन घरधुरी संख्या : १५००



राजकुमार नकर्मी

मेयर को उम्मेदवार



बिमला बिष्ट

उपमेयर को उम्मेदवार


राष्ट्रियता !
लोकतन्त्र!!
समाजवाद!!!
"काँग्रेसको नेतृत्वमा शान्ति र संविधान, काँग्रेसकै नेतृत्वमा समृद्धिको अभियान"
नेपाली काँग्रेस
चुनाब चिन्ह
कीर्तिपुर नगरपालिका
वडा नं. १
नेपाली काँग्रेसका उम्मेदवारहरुलाई
रूख चिन्हमा मतदान गरी
अत्याधिक बहुमतले विजय गराऔं ।
राजकुमार नकर्मी
मेयर
बिमला (श्रेष्ठ) बिष्ट
उप मेयर
हिरालाल महर्जन
वडा अध्यक्ष
सरस्वती शवाली
महिला वडा सदस्य
इच्छा कुमार महर्जन
वडा सदस्य
नरेश राज पाण्डे
वडा सदस्य


हाम्रो नेतृत्वमा भोलिको कीर्तिपुर
नेपाली कांग्रेस
हाम्रो सम्पदा, पर्यटनको आधार
चुनाव चिन्ह
रुख
अहिले नेपालमा वार्षिक झन्डै ८ लाख पर्यटक आउछन । ति मध्य कारीब ७५% अर्थात कारीब छ लाख हबाइ मार्ग बाट अर्थात काठमाडौंमा आउछन ।
राजकुमार नकर्मी
मेयर को उम्मेदवार
बिमला श्रेष्ठ बिष्ट
उपमेयर को उम्मेदवार

## हाम्रो नेतृत्वमा भोलिको कीर्तिपुर

नेपाली कांग्रेस

चुनाव चिन्ह

रुख

### हाम्रो सम्पदा, पर्यटनको आधार

कीर्तिपुर एक जिबित सम्पदा शहर हो। यो सम्पदालाई हामीले जिबित राख्न सक्यौ भने यिनले हामीलाई जिउने आधार दिन्छन ।

**हाम्रो कीर्तिपुर हाम्रो सम्पदा**
**खुशी नागरिक समृद्ध समाज**



राजकुमार नकर्मी
मेयर को उम्मेदवार



बिमला श्रेष्ठ बिष्ट
उपमेयर को उम्मेदवार

## हाम्रो नेतृत्वमा भोलिको कीर्तिपुर

नेपाली कांग्रेस

चुनाव चिन्ह

रुख

### हाम्रो सम्पदा, पर्यटनको आधार

ती पर्यटक लाई मात्रै १ दिन कीर्तिपुरमा ल्याउन सकियो भने र उनीहरु ले कम्तिमा रु १००० मात्रै कीर्तिपुरमा खर्च गर्ने बातावरण बनाउन सकियो भने पनि मात्रै वार्षिक ६० करोड आम्दामी हुन्छ । यो रकमले स्थानीय रोजगारी श्रीजना र भोलिको कीर्तिपुरको बिकासमा ठुलो योगदान पुराउन सक्छ ।



राजकुमार नकर्मी
मेयर को उम्मेदवार



बिमला श्रेष्ठ बिष्ट
उपमेयर को उम्मेदवार

# स्थानीय निर्वाचनको इतिहास

स्थानीय निकायको निर्वाचन भएको २० वर्षपछि २०७४ साल वैशाख ३१ र जेठ ३१ गतेका लागि स्थानीय तहको निर्वाचन मिति घोषणा गरिएको छ। पहिलो चरणको निर्वाचन प्रदेश नम्बर ३,४ र ६ मा र दोस्रो चरणको निर्वाचन प्रदेश नम्बर १,२, ५ र ७ मा गर्ने निर्णय भएको छ।

नेपालमा स्थानीय निकाय निर्वाचनको इतिहास सात दशक पुरानो छ। यस अवधिमा स्थानीय निकायका ११ वटा निर्वाचन भएका छन्। जसको विवरण यसप्रकार छ :

स्थानीय निर्वाचन (२००४-२०१४)

काठमाडौं म्युनिसिपलिटी निर्वाचन :

२००४ साल जेठ २९ गते काठमाडौंका सहरी क्षेत्रका जनताले चुनावमा भाग लिए। यो नै नेपालमा स्थानीय निकायको पहिलो निर्वाचन थियो। त्यतिबेला काठमाडौंमा मात्र निर्वाचित म्युनिसिपलिटीको व्यवस्था थियो। उत्तर महाराजगन्ज, दक्षिण वाग्मती, पूर्व धोवी खोला र पश्चिम विष्णुमती चारकिल्ला रहेको काठमाडौं म्युनिसिपलिटी रहने व्यवस्था थियो। म्युनिसिपलिटीमा २१ वडा कायम थियो। प्रत्येक वडाबाट एक/एक सदस्य छान्ने व्यवस्था थियो। प्रत्येक वडामा बसोबास गरिआएका २१ वर्ष उमेर पुगेका पुरूषको नाम समावेश गरी मतदाता नामावली तयार गरिएको थियो। कुल मतदाता संख्या ६८,११८ थिए। सरकारी तिरो तिर्न र बुझाउन बाँकी नभएका २५ वर्ष पुगेका पुरूषमात्र उम्मेदवार बन्न सक्ने प्रावधान थियो। २१ ब्लक (वडा) मध्ये ५, ९, १०, ११ मा एक उम्मेद्वारमात्र उठेका थिए। त्यसैले भोट खसाल्ने ढ्वाङ (मतपेटिका) राखिएको थिएन। मतदान गर्ने समय बिहान ११ देखि अपराह्न ३ बजेसम्म तोकिएको थियो। निर्वाचनको अघिल्लो दिन नै मतपत्र परिवारका पुरूष मतदाताको संख्याअनुसार घरघरमै लगिएको थियो।

काठमाडौं नगरपालिका :

२०१० साल भदौ १७ गते काठमाडौं नगरपालिकाको निर्वाचन भएको थियो। म्युनिसिपलिटी हुँदाका २१ वडालाई घटाएर १८ वडामा निर्वाचन गरियो। काठमाडौं नगरपालिका यही समयमा बनाइएको हो। २१ वर्ष पुगेकाले मतदान गर्न सक्थे। यो चुनावमा भने महिलालाई पनि मताधिकार र उम्मेदवार बन्ने अवसर प्रदान गरिएको थियो। निर्वाचनमा ५६ हजार मतदाता थिए। १८ पदका लागि पाँचवटा पार्टी र स्वतन्त्र गरी ७३ जनाले उम्मेदवारी दिएकामा १३ जनाले फिर्ता लिएका थिए। उम्मेदवार हुन भने २५ वर्ष पुग्नुपर्ने नियम थियो। धरौटीचाहिं ५० रुपिया थियो। जम्मा मतमध्ये ८ खण्डको १ खण्ड पाउन नसकेका उम्मेदवारको धरौटी जफत हुन्थ्यो। यो नियमअनुसार २६ जनाको धरौटी जफत भएको थियो। १७ वडाका ५६ स्थानमा मतदान केन्द थियो भने १५ नं. मा निर्विरोध भएको थियो। १८ गते बिहान मत गणना सुरू भई १९ गते दिउसो समाप्त भएको थियो। उक्त निर्वाचनमा वडा नं. ८ मा ४११३ मतमध्ये २४५५ मत प्राप्त गरी साधनादेवी नेपालको पहिलो महिला जनप्रतिनिधि चुनिएकी थिइन्। ५३ प्रतिशत मतदाताले मतदान गरेका थिए।

ललितपुर नगरपालिका निर्वाचन :

उता ललितपुर नगरपालिकामा २००९ साल भदौ २९ गते निर्वाचन भएको थियो। यहाँ १० वडा थिए। जसमा १९ उम्मेदवार थिए। वडा २, ५, ७ र ८ नं. मा निर्विरोध भएको थियो।

भक्तपुर नगरपालिका निर्वाचन :

भक्तपुर नगरपालिकामा २००९ साल असोज २६ गते निर्वाचन भएको थियो।

नगरपालिका निर्वाचन :

२०१४ सालमा पनि नगरपालिका निर्वाचन भयो। काठमाडौं नगरपालिकामा ४९ जना उम्मेदवार थिए। ५०.१८ प्रतिशत मत खसेको थियो। तानसेन नगरपालिकामा २०१४ साउनमा, भक्तपुरमा २०१४ कात्तिक २३ गते, विराटनगरमा २०१४ मङ्सिर ११ गते, ललितपुरमा २०१४ माघ २ गते, भक्तपुर नगरपालिकामा २०१४ फागुनमा र वीरगन्जमा २०१४ चैत ३० गते चुनाव भएको थियो।

स्थानीय निर्वाचन (२०१९-२०३१)

गाउँ पञ्चायत निर्वाचन (२०१८-२०३१)

२०१५ सालको संविधान निलम्बन गरिएको र अर्को संविधान जारी नभएको बेला गाउँ पञ्चायत ऐन २०१८ र गाउँ पञ्चायत नियमहरू २०१८ जारी गरियो। त्यसपछि श्री ५ को निर्देशन र पञ्चायत विभागसमेतको रेखदेखमा २०१८ साल माघ महिनादेखि ग्राम पञ्चायत गठनको कार्य प्रारम्भ भयो। त्यसै वर्षभित्र चार हजार गाउँ पञ्चायत गठन गर्ने लक्ष्य राखी २०१८ साल चैत ७ गतेभित्र गाउँ पञ्चायतको चुनाव गराउने घोषणा भएको थियो। गाउँ सभाको इलाकाको जनसंख्या लगभग २००० हुने र सो गाउँ सभाका सदस्यले ९सदस्य चुनी तीमध्ये एक प्रधानपञ्च र एक उपप्रधानपञ्च छान्ने व्यवस्था गरिएको थियो। ४८ लाख जनताले मत दिने अनुमान थियो। चुनावका लागि ४ लाख रुपियाँ खर्च अनुमान गरिएको थियो। प्रधानपञ्च र उपप्रधानपञ्चको पदावधि दुई वर्षको हुने तर अन्य सदस्यमध्ये एक तिहाईको ६, ४ र २ वर्ष रहने व्यवस्था थियो। १० प्रतिशतभन्दा कम मत प्राप्त गरेमा धरौटी जफत हुने व्यवस्था थियो। मतदान समय बिहान ८ देखि दिउासो २ बजेसम्म तोकिएको थियो। जनाना (महिला) तथा मर्दाना (पुरुष) मतदाताको लाइन छुट्टाछुट्टै थियो।

हुम्ला र जुम्लामा भने पञ्चायत चुनावसम्बन्धी कार्य चैतको दोस्रो सातादेखि थालनी गरिएको थियो। २०१८ साल चैत ७ गते राष्ट्रिय निर्देशन मन्त्रीले ग्राम पञ्चायत निर्वाचन उद्घाटन गरेका थिए। ३४३९ गाउँ पञ्चायतको चुनाव सम्पन्न भएको थियो। बाँकी ठाउँमा १०-१५ दिनमा पूरा हुने सूचना जारी गरिएको थियो। खुला मतदानको अभ्यास गरिएको थियो। हात उठाइ बहुमत कायम गरी विजयी घोषणा गर्न सक्ने अधिकार नै ऐनले दिएको थियो। तर गाउँ पञ्चायत ऐन, २०१८ र नियमावली २०१८ खारेज गरी गाउँ पञ्चायत ऐन २०२० र गाउँ पञ्चायत (निर्वाचन) नियमावली २०२० जारी भई निर्वाचन प्रक्रियामा व्यापक सुधार गरी मतदाताको गोप्य मतदान गर्न पाउने अधिकारलाई सुनिश्चितता प्रदान गर्दै निर्वाचन प्रक्रियासँग जोडिएका अन्य व्यवस्था पनि अवलम्बन गरिएको थियो।

बाकी २८ पेज..




# स्थानीय निर्वाचनको इतिहास

२७ पेजको बाँकी

गाउँ पञ्चायत निर्वाचन (२०२०)

गाउँ सभाको कुनै वडाको सदस्यको स्थान रिक्त भएमा उपचुनावद्वारा पूर्ति गर्नुपर्ने व्यवस्था थियो। गाउँ पञ्चायत ऐन र नियमबमोजिम दुई/दुई वर्षमा हुने एक तिहाई पञ्चहरूको उपनिर्वाचन २०२१ वैशाख १ देखि सुरू गरी ३५४३ गाउँ पञ्चायतको उपनिर्वाचन जेठ १५ गते सम्पन्न भएको थियो।

गाउँ सभामा सदस्यहरूले आ-आफ्ना वडा सदस्य तथा प्रधानपञ्च र उपप्रधानपञ्चसमेत प्रत्यक्ष तवरले गोप्य मतदानद्वारा निर्वाचित गर्न पाउने व्यवस्था गरियो। ९ जनाको गाउँ पञ्चायत भइरहेकामा ११ जनाको बनाइएको थियो।

नौ वडाका सदस्यको पदावधि गोलाप्रथाद्वारा प्रधानपञ्चले एक तिहाई सदस्यहरूको छ वर्ष, त्यस्तै चार वर्ष र दुई वर्ष भएको निर्णय गर्ने तर पछि हुने निर्वाचनबाट निर्वाचित सदस्यहरू सबैको पदावधि छ वर्षको हुने थियो। प्रधानपञ्च र उपप्रधानपञ्चको पदावधि भने २ वर्षकै हुने थियो। २०२५ सालमा भएको संशोधनबाट प्रधानपञ्च र उपप्रधानपञ्चको पदावधि ४ वर्ष हुने गरियो।

नगर पञ्चायत चुनाव (२०१९)

१० हजार वा सोभन्दा बढी जनसंख्या भएको कुनै नगरमा नगरपञ्चायत स्थापना हुन सक्ने व्यवस्था थियो। निर्वाचित सख्या ९ देखि ३३ को बीचमा हुन्थ्यो। घोषित १४ नगर पञ्चायतको चुनाव २०१९ जेठभित्र गर्ने लक्ष्य राखिएकामा सबैमा भएका थिए।

पदावधिः नगर पञ्चायतका सदस्यको पदावधि ६ वर्षको हुने तर पहिलोपल्ट निर्वाचित सदस्यका हकमा प्रधानपञ्च छानिएपछि निजले गोला प्रथाद्वारा प्रत्येक एक तिहाई सदस्यको दुई, चार, छ वर्षको पदावधि निर्णय गर्ने र सोअनुसार रिक्त हुँदै गएमा निर्वाचनद्वारा पदपूर्ति गरिने व्यवस्था थियो। पछि सबैको पदावधि छ वर्ष हुने गरी संशोधन गरियो। झन् पछि गएर नगर पञ्चायतका प्रधान र उपप्रधानपञ्चको पदावधि पनि चार वर्षको हुने व्यवस्था गरियो।

नगर पञ्चायत सदस्यहरूको निर्वाचन गोप्य मतदानद्वारा प्रत्येक वडाबाट एकजनाका लागि हुन्थ्यो। प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचन भने नगर पञ्चायतका निर्वाचित सदस्यमध्येबाट गुप्त मतदानद्वारा हुने व्यवस्था थियो। ५० रुपियाँ धरौटी राख्नुपर्ने र सकेसम्म उम्मेदवारले रोजेको चिन्ह प्रयोग गर्न दिइने व्यवस्था थियो। धरौटी फिर्ता हुन सदर मतको छ खण्डको एक खण्ड ल्याउनु अनिवार्य थियो।

जिल्ला पञ्चायत निर्वाचन (२०१९-२०३१)

जिल्ला सभा सदस्यको निर्वाचनमा गाउँ पञ्चायत वा नगर पञ्चायतका सदस्य र जिल्ला पञ्चायतको सभापति वा उपसभापति वा अरू सदस्यको निर्वाचन सम्बन्धमा जिल्ला सभा सदस्यहरू मतदाता हुने व्यवस्था थियो। जिल्ला सभा स्थापना भएपछि जिल्ला सभाका सदस्यमध्येबाट गुप्त मतदानद्वारा एक सभापति, एक उपसभापति र अरू ९ सदस्य गरी ११ जनाको कार्यकारिणी चुन्ने व्यवस्था थियो।

अञ्चल पञ्चायत निर्वाचन (२०१९-२०३०)

प्रत्येक अञ्चलमा सम्बन्धित अञ्चलअन्तर्गतका जिल्ला पञ्चायतका सदस्यहरू रहेको एउटा अञ्चल सभा गठन गरी त्यसले निर्वाचनद्वारा चुनेको ११ जनाको कार्यकारिणी समितिलाई अञ्चल पञ्चायत भनिन्थ्यो। साथै अञ्चल सभामा अञ्चलस्तरीय महिला सङ्गठनबाट ३, किसान सङ्गठनबाट ४, युवक सङ्गठनबाट ४ र मजदूर सङ्गठनबाट २ तथा कम्तीमा शास्त्री वा ब्याचलर्स डिग्री प्राप्त व्यक्तिमध्ये ४ जनालाई पनि अञ्चल पञ्चायतले मनोनीत गर्ने व्यवस्था थियो। अञ्चल सभाका सदस्यमध्येबाट अञ्चल पञ्चायतका लागि गुप्त मतदानद्वारा एक सभापति, एक उपसभापति एवम् ९ सदस्य गरी ११ जना सम्मिलित कार्यकारिणीको चुनाव गरिने व्यवस्था थियो। सदस्यहरूको निर्वाचन गर्दा उक्त अञ्चलभित्र पर्ने प्रत्येक जिल्लाबाट कम्तीमा एकजना सदस्य निर्वाचित गर्ने व्यवस्था थियो।

गाउँ/नगर पञ्चायत निर्वाचन (२०३२-२०३५)

संविधानको दोस्रो संशोधनपछि स्थानीय निकाय निर्वाचन गर्ने पद्धतिमा व्यापक फेरबदल गरियो। जसअनुसार प्रत्यक्ष निर्वाचन पद्धतिको सट्टा अप्रत्यक्ष निर्वाचन पद्धति अपनाइयो। त्यस्तै स्थानीय निकायको जुनसुकै तह र पदमा उम्मेदवार हुनका लागि पनि गाउँ फर्क राष्ट्रिय अभियानबाट अनुमोदन हुनुपर्ने अनिवार्य व्यवस्थासमेत थपियो।

१४ अञ्चललाई ४ भागमा बाँडी पहिलो समूहमा सगरमाथा, लुम्बिनी र सेती, दोस्रोमा भेरी, गण्डकी, वाग्मती र मेची, तेस्रोमा कर्णाली, महाकाली र जनकपुर तथा चौथोमा कोशी, नारायणी, धवलागिरी र राप्ती पारिएको थियो। प्रत्येक समूहमा चार वर्षमा एकपटक चुनाव हुने व्यवस्थाअनुसार २०३२ देखि पहिलो, २०३३ देखि दोस्रो, २०३४ देखि तेस्रो र २०३५ देखि चौथो समूहमा परेका अञ्चलअन्तर्गतका जिल्लाका सम्पूर्ण गाउँ पञ्चायत र नगर पञ्चायतमा चुनाव सुरू गरिएको थियो।

नगर पञ्चायत निर्वाचन (२०३२-२०३५)

प्रत्येक वडाबाट ५ जनाका दरले निर्वाचित सदस्यहरू भएको नगर सभा गठन हुने र सो वडाका ५ जना नगर सभाका सदस्यको वडा समिति रहने गरी सो वडाबाट नगर पञ्चायत सदस्यमा निर्वाचित भएको व्यक्ति वडा समितिको अध्यक्ष हुने व्यवस्था थियो। नगर पञ्चायतका सदस्यले आफ्नो सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले आफूमध्येबाट प्रधान र उपप्रधानपञ्च छान्ने व्यवस्था थियो। कुनै उम्मेदवारले सोबमोजिमको बहुमत प्राप्त गर्न नसकेमा गाउँ फर्क राष्ट्रिय अभियान समितिले नगर पञ्चायत सदस्यमध्येबाट तोक्ने व्यवस्था थियो।

गाउँ पञ्चायत/नगर पञ्चायत निर्वाचन २०३९

नेपालको संविधान २०१९ मा भएको तेस्रो संशोधनपश्चात् गाउँ पञ्चायत/नगर पञ्चायत निर्वाचन पद्धतिमा परिवर्तन गरी बहुमतीय प्रत्यक्ष निर्वाचन पद्धति अपनाइयो। ४०२२ गाउँ पञ्चायत र २९ नगर पञ्चायतका लागि क र ख समूह गरी २०३९ वैशाख २८, ३१ र जेठ ३ तथा ४ मा निर्वाचन गर्ने लक्ष्य राखियो। ४०२२ गाउँमा ४७ का दरले १८९०३४ स्थानीय प्रतिनिधि र २९ नगरबाट २५०० भन्दा धेरै छानिने व्यवस्था थियो।

गाउँः ४०२२, नगर २९, पद ११९११५७, मतदाता ४ करोड ३८ लाख मतपत्र, मतदान केन्द्र तथा उपकेन्द्र ३७५००, गाउँ पञ्चायतका लागि कुल कर्मचारी ४०२२०, नगर पञ्चायतका लागि कुल कर्मचारी २९००, निर्वाचन गरिएका गाउँ पञ्चायत संख्या ४०२२, प्रधानपञ्च पद संख्या ४०२२, उपप्रधापञ्च ४०२२, गाउँ पञ्चायत सदस्य संख्या ३६१९८, गाउँ सभा सदस्य पद संख्यास१४४७९२, निर्वाचन गरिएका नगरपञ्चायत संख्या २९, प्रधानपञ्च २९, उपप्रधानपञ्च २९, नगरपञ्चायत सदस्य ४१३, नगरसभा सदस्य पद संख्या १६५२, निर्वाचन गरिएका जिल्ला पञ्चायत संख्या सभापति ७५, उपसभापति ७५, जिल्ला पञ्चायत सदस्य ६७५ जिल्ला सभासद् पद १३८, जम्मा १९२१२०

जिल्ला पञ्चायत निर्वाचन

२०३९ साल असार २ गते बिहान ८ देखि अपरान्ह ५ बजेसम्म नेपालभर मतदान भयो।

गाउँ पञ्चायत र नगर पञ्चायत निर्वाचन (२०४३ - ४४)

२०४३ साल चैत७ मा पहिलो र चैत १० मा दोस्रो चरणमा सम्पूर्ण गाउँ पञ्चायत र नगर पञ्चायतको निर्वाचन भएको थियो। १ लाख ९१ हजार ६२ जना जनप्रतिनिधि छानिनुपर्ने थियो। ४०१५ गाउँ तथा ३३ नगर पञ्चायत थिए। प्रत्यक्ष निर्वाचित हुने १ लाख ८८ हजार ७ सय ६ गाउँ पञ्चायत र २ हजार ३ सय ५६ नगर पञ्चायत प्रतिनिधि थिए।

जिल्ला पञ्चायत निर्वाचन

हिमालीबाहेक अन्य जिल्लामा २०४४ साल वैशाख ६ गते जिल्ला पञ्चायतको चुनाव भएको थियो।

स्थानीय निर्वाचन (२०४९-२०६२)

गाविस तथा नगरपालिका निर्वाचन

नेपाल अधिराज्यको संविधान २०४७ लागु भएपछि पहिले भएका ४०१५ गाउँ पञ्चायतका केही भाग र क्षेत्रलाई नगर क्षेत्रमा गाभी ३९९५ गाविस तथा पहिले रहेका ३३ नगर पञ्चायतको संख्या बढाइ ३६ वटा नगरपालिका कायम गरियो। गाविसमा ९ वटा वडा र महानगर/उपमहानगर/नगरपालिका जनसंख्याको अनुपातमा बढीमा ३५ वडासम्म कायम हुने व्यवस्था भयो। पहिलो चरणअन्तर्गत परेका २०३० गाउँ विकास समिति र ११ नगरपालिकाको निर्वाचन कार्यक्रम २०४९-१-२४ देखि सुरू भएर जेठ १५ मा मतदान कार्यक्रम थियो। दोस्रो चरणमा बाँकी १९६५ गाउँ विकास समिति र २५ नगर पालिकामा २०४९ वैशाख २७ गतेदेखि निर्वाचन कार्यक्रम सुरू गरी जेठ १८ गतेका दिन मतदान गर्ने कार्यक्रम थियो। यो निर्वाचनदेखि १८ वर्ष उमेर पुगेकालाई मताधिकार प्रदान गरियो।

गाविस सख्या ३९९५

अध्यक्षको संख्या ३९९५

उपाध्यक्षको संख्या ३९९५

सदस्यहरू ३५९५५

नगरपालिका ३६ प्रमुख तथा उपप्रमुख र ५ सय २१ सदस्य थिए।

३६ नगरपालिकामा विभिन्न राजनीतिक दल तथा स्वतन्त्ररूपमा निर्वाचित

| दल/स्वतन्त्र | प्रमुख | उपप्रमुख | सदस्य | जम्मा |
|---|---|---|---|---|
| कङ्ग्रेस २२ | २१ | २८८ | ३३१ | |
| नेकपा एमाले | ६ | ५ | १०८ | ११९ |
| राप्रपा २ | २ | ५१ | ५५ | |
| सद्भावना | १ | ३ | १४ | १८ |
| संजमो - | १ | ७ | ८ | |
| स्वतन्त्र | ५ | ४ | ५३ | ६२ |
| जम्मा ३६ | ३६ | ५२१ | ५९३ | |

जिविस निर्वाचन

७५ जिल्लालाई पाँच समूहको क्षेत्रीय इलाकामा वर्गीकरण गरी एक जिल्लालाई कम्तीमा नौ र बढीमा १७ इलाकासम्म विभाजन गरिएको थियो। प्रत्येक जिल्ला विकास समितिमा घटीमा ११ र बढीमा १९ जनासम्म रहेको कार्यसमिति गठन गर्नुपर्ने व्यवस्था थियो। ७५ जिल्लाबाट ९२४ इलाका सदस्य र सभापति र उपसभापति गरी १०७४ जनप्रतिनिधि चयन भएका थिए। यो चुनाव २०४९ असार १३ गते ५६ जिल्लामा र बाँकीमा पछि भएको थियो।

स्थानीय निर्वाचन (२०५४)

स्थानीय निकायको निर्वाचन २०५४ साल जेठ ४ र १३ गते गरी दुई चरणमा गरिएको थियो। १ करोड २५ लाख ३८ हजार २ सय ७३ मतदाता थिए। ५८ नगरपालिका तथा ३९१३ गाविसमा यो चुनाव भएको थियो।२०४९ को निर्वाचनमा २६.०७ प्रतिशत मत ल्याएको एमालेले यो निर्वाचनमा ५२.१८ प्रतिशत मत ल्याएको थियो। यसैगरी अघिल्लो चुनावमा ५०.१४ प्रतिशत मत ल्याएको नेपाली कङ्ग्रेसले भने २९.८३ प्रतिशत मत ल्याएको थियो।

| दल र स्वतन्त्र | प्रमुख | उपप्रमुख | सदस्य | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|
| नेकपा एमाले | ४१ | ४३ | ४०७ | १४२६ | ४०४ | २३२१ |
| कङ्ग्रेस ६ | १३ | २४६ | ७९० | २२४ | १२९७ | |
| राप्रपा ३ | ० | ८१ | १९२ | ६३ | ३३९ | |
| नेपाल सद्भावना पार्टी | २ | ० | १३ | ३४ | १७ | ६६ |
| स्वतन्त्र | ५ | १ | ४४ | ६७ | २८ | १४५ |
| नेमकिपा | १ | १ | १५ | ४५ | १५ | ७७ |
| जम्मा | ५८ | ५८ | ८०६ | २५५४ | ७५१ | ४२२७ |

नगरपालिकको निर्वाचन (२०६२)

राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकाल रहेका बेला २०६२ साल माघ २६ गते ५८ वटा नगरपालिकामा निर्वाचन गरिएको थियो। जसमध्ये २२ वटामा निर्विरोध भएको थियो भने ३६ वटामा निर्वाचन भएको थियो। राजाको प्रत्यक्ष शासनको विरोधमा रहेका नेपाली कङ्ग्रेस, नेकपा एमाले, नेपाली कङ्ग्रेस प्रजातान्त्रिक, राष्ट्रिय जनमोर्चालगायतका राजनीतिक दलले यो चुनाव बहिष्कार गरेका थिए। २०६२-०६३ मा जनआन्दोलन भई लोकतन्त्र पुनर्बहाली भएपछि यो निर्वाचनलाई वैधानिकता किदइएन।

# हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं.२००६ साल



निधनः
वि.सं.२०७४/०१/१६

**स्व. जुलकुमारी महर्जन**

यस बाघभैरव बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्य रोशन महर्जन र शर्मिला महर्जनको ममतामयी आमा, शेयर सदस्य लक्ष्मी महर्जनको सासु आमा **श्रीमती जुलकुमारी महर्जन**को ६८ वर्षको उमेरमा २०७४ बैशाख १६ गते शनीवार असामयिक निधन भएकोमा हामी मर्माहत भएका छौं । दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

## बाघभैरव बचत तथा ऋण सहकारी संस्था लि.

नयाँबजार, कीर्तिपुर

# हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं.२००६ साल



निधनः
वि.सं.२०७४/०१/१६

**स्व. जुलकुमारी महर्जन**

यस झीगु पासा पुचः बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्य रोशन महर्जनको ममतामयी आमा **श्रीमती जुलकुमारी महर्जन**को ६८ वर्षको उमेरमा २०७४ बैशाख १६ गते शनीवार असामयिक निधन भएकोमा हामी मर्माहत भएका छौं । दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

## झीगु पासा पुचः बचत तथा ऋण सहकारी सं.लि.

खासीबजार, कीर्तिपुर


"Come to Us for All Your
Creative Designing Needs"
Cultural & Fashionable
Ornaments
"Purity is Our Moto"
"Makes You Feel Who You are"
•Exhange Offer •Gold Purity test •Gold Loan Facilities
पद्मिनि
Jewellers
Padmini Jewellers Pvt. Ltd.
Tagawapi, Kirtipur -17, Kathmandu
: 01-4331046